वर्ष : १६, अंक : २२, काठमाडौं, २०७७ भाद्र २६ गते शुक्रबार, 11 September 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## एसिड आक्रमण पीडितको जिम्मा सरकारले लिने

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले एसिड आक्रमणबाट पीडित सम्पूर्णको उपचार, शिक्षा र जीविकाको प्रबन्ध सरकारले गर्ने घोषणा गरेका छन् । एसिड आक्रमणबाट पीडितहरुसँग सरकारका विभिन्न सरोकारवाला मन्त्रालयका मन्त्री र प्रतिनिधिहरु समेतको उपस्थितिमा गरिएको परामर्शका क्रममा प्रधानमन्त्री ओलीले सम्बन्धित निकायलाई त्यसको ब्यवस्थापनको निर्देशन समेत दिएका छन् । घटना घटेको अवस्थादेखि सम्पूर्ण उपचार खर्च, नियमित औषधि खर्च, पढ्ने उमेर रहेका र पढ्न चाहने जुनसुकै उमेरकाको पढाई खर्च तथा ब्यवसाय तथा रोजगारीका लागि सरकारले जिम्मा लिने प्रधानमन्त्रीले घोषणा गरेका हुन् ।

गृहमन्त्री रामबहादुर थापा, कानुन मन्त्री शिवमाया तुम्बाहम्फे, महान्यायाधिवक्ता अग्नि खरेल, शिक्षा, स्वास्थ्य, उद्योग र अर्थ मन्त्रालयका सचिव समेतको उपस्थितिमा भएको उक्त अन्तर्क्रियामा सम्बन्धित मन्त्रालय र निकायहरुलाई आ-आफ्नो कार्यक्षेत्रको जिम्मेवारी पूरा गर्न प्रधानमन्त्रीले निर्देशन समेत दिएका थिए । प्रधानमन्त्रीको घोषणा अनुसार एसिड आक्रमणबाट पीडितहरुको कानुनी उपचारका लागि अध्यादेश ल्याउने, स्वास्थ्योपचारका लागि राजधानीको त्रिवि शिक्षण अस्पताल, बीर अस्पताल, पाटन अस्पताल र कीर्तिपुरस्थित बोन अस्पताललाई डेडिकेटेड युनिट स्थापना गरिने छ ।

प्रधानमन्त्री ओलीले एसिड प्रहार गर्नेको तत्काल सम्पत्ति रोक्का गरी क्षतिपूर्ति भराउने कानुनी प्रबन्ध गर्ने बताए । अपराधीबाट क्षतिपूर्ति भराउने, जरिवाना असुल गराउने र उनीहरुलाई जेल सजाय गराउने उपयुक्त प्रबन्धको तयारी भइरहेको जानकारी प्रधानमन्त्रीले दिए ।

# जसपामा 'पावर सेयरिङ्ग'को लडाइँ सुरू

# पूर्वराजपावालाहरु भागवण्डामा सीमित



महन्थ ठाकुर — राजेन्द्र महतो — महेन्द्र राय यादव — शरत्सिंह भण्डारी — राजकिशोर यादव — अनिल कुमार झा

**मधेशवाणी डेस्क**

काठमाडौं । हतारको काम लतपत भन्ने नेपाली उखान यतिबेला जनता समाजवादी पार्टी (जसपा)मा चरितार्थ भएको देखिएको छ । हतार हतारमा एकीकरण गरेर बनेको जसपामा अहिले नेतृत्व चयनको विवाद उत्कर्षमा पुगेको छ ।

विवादकै कारण पार्टी सुस्ता बन्न थालेको छ । पार्टी एकीकरण भएको झण्डै पाँच महिना बिते पनि नेतृत्वको टुंगो अझै लाग्न सकेको छैन । नेतृत्व टुंगो लगाउन विगत डेढ महिनामा पटक पटक आन्तरिक बैठक भए पनि नेताहरु आफ्नो अडानबाट टसमस नभएपछि विवाद सतहमै आउन थालेको हो ।

गत १० वैशाखमा तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा)नेपाल र समाजवादी पार्टीबीच एकीकरण भएको थियो । पार्टी एकीकरण गरी त्यसको भोलिपल्ट निर्वाचन आयोगलाई जानकारी दिइएको थियो ।

पार्टीका शीर्ष नेता छलफलमा बस्दै नेतृत्वको टुंगो लगाउने प्रयास गरे पनि सफल हुन सकेनन् । जसपा नेता महन्थ ठाकुर, डा. बाबुराम भट्टराई, उपेन्द्र यादव, राजेन्द्र महतो, शरतसिंह भण्डारी, महेन्द्रराय यादव, अशोक राई, राजेन्द्र श्रेष्ठलगायतका शीर्ष नेताहरुले नेतृत्वको टुंगो लगाउने प्रयास जारी राखे पनि उनीहरु असफल हुँदै आएका छन् ।

साउन अन्तिम साता सम्पन्न जसपा कार्यकारिणी समितिको बैठकले जिम्मेवारी बाँडफाँट, पदाधिकारी चयन र नेताहरूको मर्यादाक्रम टुंगो लगाउन पाँच सदस्यीय पदाधिकारीलाई सचिवालय निर्माण गर्दै टुंगो लगाउन अधिकार दिएको थियो ।

पाँच जना पदाधिकारी रहने गरी सचिवालय बनाइएको र आवश्यक गृहकार्य गरेर जिम्मेवारी बाँडफाँट, पदाधिकारी चयन तथा नेताहरूको वरीयता टुंगो लगाउन अधिकार दिइएको हो । तर, सचिवालयभित्रै अधिकार बाँडफाँटको विषयलाई लिएर विवाद भएपछि अन्य काम ओझेलमा परेको

बाँकी अन्तिम पृष्ठमा

| क्र.सं. | गुट | केन्द्रीय कार्यकारिणी समिति | केन्द्रीय समिति |
|---|---|---|---|
| १ | महन्थ ठाकुर | ८ | ९५ |
| २ | राजेन्द्र महतो | ८ | ९५ |
| ३ | शरत्सिंह भण्डारी | ३ | ४४ |
| ४ | महेन्द्र राय यादव | ३ | ४४ |
| ५ | अनिल कुमार झा | २ | ३० |
| ६ | राजकिशोर यादव | २ | ३० |
| ७ | अन्य (जनशक्ति, जनमुक्ति, खम्बूवानलगायत) | - | १३ |
| जम्मा | | २६ | ३५० |

# गैरआवासीय मधेशी संघले पूरा गऱ्यो स्थपानाको १० वर्ष



काठमाडौं । विश्वभरि छरिएर रहेका मधेशीहरुको हकअधिकारका लागि स्थापना गरिएको गैरआवासीय मधेशी संघ (एनआरएमए)ले स्थापनाको १० वर्ष पुरा गरेको छ ।

गैरआवासीय मधेशी संघको स्थापना सन् २०१० सेप्टेम्बर ८ मा भएको थियो । आज १० वर्ष पूरा गरी एनआरएमएले ११औं वर्षमा प्रवेश गरेको छ ।

विश्वभरि रहेका मधेशीहरुलाई संगठित गर्दै मधेश र मधेशीको हकहितमा काम गर्ने छाता संगठनको रूपमा गैरआवासीय मधेशी संघको स्थापना गरिएको थियो ।

एनआरएमएका संस्थापक डा.सीके राउत हुन् । उनी अमेरिका बसाईको क्रममा विश्वभरिका मधेशीहरुलाई एक सूत्रमा बाँध्ने र उनीहरुका समस्याबारे बोल्ने संगठनको रुपमा स्थापना गरेका थिए ।

स्थापनाको १० वर्षमा गैरआवासीय मधेशी संघले विश्वका ४५ देशमा आफ्नो संगठन निर्माण गरिसकेको अन्तर्राष्ट्रिय समितिका अध्यक्ष तथा जनमत पार्टीका विदेश विभाग प्रमुख ई.बसन्त कुशवाहाले जनाएका छन् । ई.कुशवाहाका अनुसार गैरआवासी मधेशी संघमा हालसम्म दुई लाखभन्दा बढ़ी सदस्यहरु आबद्ध रहेका छन् ।

विदेशी भूमिमा पनि गैर आवासीय मधेशी संघ एउटा सशक्त, संगठित र प्रभावकारी संगठनको रूपमा स्थापित भएको उनी बताउँछन् ।

१०औं वार्षिकोत्सवको उपलक्ष्यमा एनआरएमएमा आबद्ध सम्पूर्ण पदाधिकारी, सदस्य तथा शुभेच्छुकहरुमा ई. कुशवाहाले शुभकामना र धन्यवाद व्यक्त गरेका छन् ।

## समय-सन्दर्भ

गजेन्द्र ठाकुर



# झोकै मर्नुभन्दा राज्यले हामीलाई गोली ठोकेर मारोस्

हाम्रो नाई श्रमिकहरुको अवस्था साह्रै दयनीय छ। गत चैत ११ गतेदेखि नै राज्य जसरी लकडाउन घोषणा गऱ्यो र अहिले लकडाउनलाई अर्को मोडल दिएर निषेधाज्ञाको नाम दिएर अहिले पनि त्यहीं अवस्थामा छ। लगभग ६ महिना बित्न लागेको छ । यो अवधिमा दैनिक ज्यालादारी गरेर खाने असंगठित श्रमिकहरु एकदमै मर्कामा छन् । अन्य सबै व्यवसायहरु खुलिरहेका छन् तर नाई व्यवसायीहरुलाई पटक्कै खोल्न दिएको छैन । कतिपय ठाउँहरुमा घरबेटीहरुले पनि साह्रै दु:ख दिइरहेका छन् । त्यसकारणले हाम्रा नाई श्रमिकहरु डिप्रेषणमा गइरहेका छन् ।

जुनसुकै काममा जोखिम छन् । पत्रपत्रिका, पैसाले पनि सर्छ रे, संक्रमित व्यक्ति जुन ठाउँमा छोयो त्यहाँबाट पनि सर्छ रे । यी सबै ठाउँबाट सर्छ भने अन्य सबैले आफ्नो व्यवसाय सञ्चालन गर्न मिल्ने, हाम्रो नाईले आफ्नो व्यवसाय किन सञ्चालन गर्न नमिल्ने ? हामीलाई पनि राज्यले एउटा सुरक्षा मापदण्ड बनाएर देओस् न । हामीसँग खानाको पनि व्यवस्था छैन, घरभाडा दिने अवस्था पनि छैन, त्यसमाथि राज्यले हामीलाई घरमा थुनेर राखेको छ । यो त गैरकानूनी हो । राज्यको काम हो कि एउटा मापदण्ड बनाइदिने, व्यवस्थित गर्ने । त्यो मापदण्ड अपनाएर हामीले आफ्नो जीविकोपार्जन गर्न पाउनुपर्‍यो । तर यतातिर सरकारको कुनै ध्यानाकर्षण भएको छैन ।

अब हामी केही दिनसम्म पर्खिन्छौं, यो अवधिसम्म राज्यले हाम्रो लागि कुनै वातावरण मिलाएन भने आन्दोलन गर्न बाध्य हुन्छौं । माइतिघरमण्डला र सिंहदरबार अगाडि आन्दोलन गर्छौं । अन्य कुनै विकल्प छैन । पसल खोल्न गयो, घरबेटीले कोरोना सर्छ भनेर खोल्न दिँदैन । राज्यका प्रहरी प्रशासनको व्यवहार हामीप्रति त्यस्तै छ । तर किन्न जानुस् त्यत्रो भीडभाड हुन्छ, किराना पसलमा पनि त्यहीं अवस्था छ । हार्डवेयर पसल खोल्न भनेको छ, त्यहाँ पनि भौतिक दूरी कायम गरिएको हुँदैन । उनीहरुलाई कारोना नसर्ने, हाम्रा नाई श्रमिकहरुले पोसाक, ग्लब्स, मास्क लगाएर काम गर्दा कोरोना सर्ने ? राज्यले जानी-जानी हामीलाई मार्न खोजेको छ । त्यसकारणले अब हामी आन्दोलनै गर्नुपर्छ । झोकै मर्नुभन्दा राज्यले हामीलाई गोली ठोकेर मारोस्, डन्डा हानेर मारोस् । हामी मर्न तयार छौं ।

**नाईहरुले सुरक्षाका मापदण्ड अपनाएर दाह्री-कपाल काट्दा कोरोना लाग्छ त ? लाग्दैन नि ।**

नाईहरुले सुरक्षाका मापदण्ड अपनाएर दाह्री कपाल काट्दा कोरोना लाग्छ त ? लाग्दैन नि । म त भन्छु कोरोना भनेको केही पनि होइन । जानी-जानी मान्छेलाई मार्न खोज्दैछ राज्यले । सरकारको नियत खराब छ । सरकारले भोकमरी ल्याउन खोज्दैन र हामीलाई मार्न खोज्दैछ । नेपालमा कुन ठाउँमा कोरोनाले मरेको छ ? बढी उमेरका र रोग लागेकाहरु मर्दैछन् । काम गर्ने मान्छेलाई काम पनि गर्न दिँदैन र अर्को खाने व्यवस्था पनि गर्दैन । कोरोना भनेको केही पनि होइन भने सबैले बुझिसक्यो । ६-६ महिना भइसक्यो । महामारी भनेको यस्तो हुन्छ ? हामीलाई पनि थाहा छ कि महामारी भनेको एक दिनमा हजारौं हजार मान्छे मर्छन् । मान्छेलाई गाड्ने र जलाउने ठाउँ हुँदैन । राम्रो मान्छे पनि महामारीको नाम सुन्दा ढल्छन् । दैनिक सय दुई सय मान्छे त त्यतिकै मर्छन्, रोगव्याधि र आफ्नो आयु गतिले मरिरहेका छन् । कोरोनाले दैनिक मरिरहेको तथ्यांक आइरहेको छ । तर मर्नेहरु कोही किड्नी पीडित छन्, कोही हृदयरोगी छन्, कोही डाइबिटिजका रोगीका छन् । कोरोनाबाट केही भएकै छैन नेपालमा । जानी-जानी भोकमरी ल्याउने सरकारको नाटक हो । हाम्रो यहाँ त आत्महत्या गरेर तीन हजारभन्दा बढी मान्छे मरिसके । यसका लागि यो ओली सरकार र राज्यलाई कारबाही हुनुपरेन ? मान्छेहरु किन आत्महत्या गर्छन् भनेर राज्यले अनुसन्धान गर्नुपर्‍यो नि । कोही भोकभोकै मरिरहेका छन् भने कोही घरबेटीको तनावले मरिरहेका छन् । नेपालमा अहिलेसम्म एउटा पनि स्वस्थ्य मान्छे कोरोनाबाट मरेकै छैन । अन्य रोगहरुबाट मर्छन् तर कोरोनाले नै मऱ्यो भन्छन् ।

*(ठाकुर, नेपाल नाई ट्रेड युनियनका केन्द्रीय अध्यक्ष हुन् ।)*



## सम्पादकीय

# बीपी र मधेश

प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाको १०७ औं जन्मजयन्ती विभिन्न कार्यक्रम बुधवार देशभर मनाइएको छ । यस पटक कोरोना महामारीका कारण नेपाली काँग्रेसले बीपी कोइरालाको १०७ औं जन्मजयन्ती भर्चुअल रुपमा मनाएको छ ।

नेपालमा प्रजातन्त्रको स्थापना एवं पुनर्स्थापनाका लागि संघर्ष गरेका कोइरालाको विसं १९७१ भदौ २४ गते जन्म भएको थियो ।

भारत निर्वासनकै क्रममा जहानियाँ राणा शासनको अन्त गर्न विसं २००३ मा बीपीको नेतृत्वमा नेपाली राष्ट्रिय काँग्रेस स्थापना भयो । प्रजातन्त्र स्थापना नै मुख्य लक्ष्य लिएर सुवर्ण शम्शेरको नेतृत्वमा २००६ सालमा स्थापना भएको नेपाल प्रजातन्त्र काँग्रेसका बीच एकता भएपछि २००७ सालको क्रान्ति सफल भयो । दुवै दल एकीकृत भई बनेको नेपाली काँग्रेस अहिले संसद्मा प्रमुख प्रतिपक्षी दलका रुपमा क्रियाशील छ ।

क्रान्तिको सफलतापछि मोहन शम्शेरको नेतृत्वमा बनेको राणा-काँग्रेस सरकारमा बीपी गृहमन्त्री बने । विसं २०१५ को आमनिर्वाचनमा काँग्रेसले दुई तिहाइ बहुमत प्राप्त गरेपछि प्रथम जननिर्वाचित प्रधानमन्त्री बनेका कोइरालाले नेपालमा राष्ट्रियता, प्रजातन्त्र र समाजवाद स्थापनाका लागि राजनीतिक नेतृत्व प्रदान गरे ।

**कांग्रेसले घोषित रुपमा मधेशलाई आफ्नो राजनीतिक शक्तिको केन्द्र मान्दामान्दै पनि उल्लिखित बीपीको रणनीतिक सोचलाई भने अझैसम्म बुझ्न खोजेको देखिँदैन ।**

विसं २०१७ पुस १ गते जननिर्वाचित सरकार अपदस्थ गरिएपछि कोइरालालगायत नेतालाई सिंहदरबारमा बन्दी बनाइएको थियो । विसं २०२५ मा स्वास्थ्य परीक्षणका लागि जेलमुक्त भएका कोइरालाले आठ वर्षसम्म भारतमा निर्वासित जीवन बिताएका थिए । भारतमा निर्वासित भएर प्रजातन्त्र पुनर्स्थापनाका पक्षमा संघर्ष गर्दा राष्ट्रियता कमजोर भएको विश्लेषण गरी आठ ज्यान मुद्दाको पर्वाह नगरी २०३३ साल पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई उनी स्वदेश फर्किएका थिए । बीपीले अपनाएको मेलमिलापको नीति आज पनि मुलुकको राजनीतिमा उत्तिकै सान्दर्भिक छ । क्यान्सर रोगले बिपीको विसं २०३९ साउन ६ गते निधन भयो ।

मधेशमा बढिरहेको जनसंख्या र त्यसको महत्वपूर्ण अर्थ-राजनीतिक भूमिकालाई बीपीले त्यतिबेला नै प्रस्टसँग औंल्याएको देखिन्छ । तर त्यो महत्व बुझेर पार्टी र मुलुकको रणनीति तयार गर्न भने नेपाली कांग्रेस चुकिरह्यो । कांग्रेसले घोषित रुपमा मधेशलाई आफ्नो राजनीतिक शक्तिको केन्द्र मान्दामान्दै पनि उल्लिखित बीपीको रणनीतिक सोचलाई भने अझैसम्म बुझ्न खोजेको देखिँदैन ।

एकातिर, मुलुकको आर्थिक प्रभुत्व पहाडी भूभागबाट उल्लेख्य रुपमा मधेशतिर सरेको झन्डै आधा शताब्दी भइसक्यो । अर्कातिर, राजनीतिक प्रभुत्व भने आर्थिक मेरुदण्ड भाँचिइसकेको पहाडमा नै रहिरह्यो । यो अन्तरविरोध समाधान नभएपछि व्यवस्थाविरोधी राजनीतिक आन्दोलन पनि रोकिएनन् । पञ्चायती व्यवस्था र राजतन्त्रात्मक बहुदलीय व्यवस्थाले समेत वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक, पर्यावरणीय आदि समस्या कार्पेटमुनि लुकाएर माथि सफा रहेको भ्रम दिइरहे ।

बीपीले निर्माण गरेको पहिलो केन्द्रीय समिति तथा २०१५ सालको निर्वाचनपछि कोइरालाले गठन गरेको मन्त्रिमण्डलमा अनुपम समावेशीता देखिन्छ । बीपीले राजा वीरेन्द्रको 'संविधान सुझाव सुधार आयोग' लाई दिएको सुझाव, उनले गठन गरेको मन्त्रिमण्डल र तत्कालीन कांग्रेसको केन्द्रीय समितिलाई सँगसँगै जोडेर विश्लेषण गर्ने हो भने बीपीको राजनीतिक सोच र मुलुकको समावेशिताको एउटा प्रस्ट तस्बिर देख्न सकिन्छ ।

पञ्चायती व्यवस्थाको अन्त्य र राजतन्त्रात्मक बहुदलीय व्यवस्था स्थापनापछि बीपीका भाई गिरिजाप्रसाद कोइरालाले अधिकांश समय सत्ताको बागडोर सम्हाले । तर राजनीतिक विडम्बनाको कुरा, समावेशीता र निर्वाचन प्रणालीको गतिशीलताबारे गिरिजाप्रसादले बीपी कोइरालाको दीर्घकालीन सोचको रत्तिभर वास्ता गरेनन् । मधेशले कांग्रेसलाई साथ, सहयोग र नेतृत्व दिइरह्यो । तर मधेशलाई कांग्रेसको शीर्ष नेतृत्वले बेवास्ता गरिरह्यो ।

# वन्चित र विपन्नका लागि साक्षरता



**राकेश प्रसाद चौधरी**

**सुविधा वन्चित समूहमा साक्षरता एवं जीवनपर्यन्त सिकाइको पहुँच विस्तारका लागि केही महत्वपूर्ण पाटोहरु छन् । यसबारे अध्ययन र अनुसन्धान भइसकेको हुनसक्छ । साक्षरताको स्तर मापन गर्दा भाषागतभन्दा पनि विषयवस्तुको ज्ञान, प्रविधिसँगको सहकार्य वा जानकारीलाई महत्वपूर्ण मानिनुपर्छ । तराईका कुनै ठाउँमा नेपालीभन्दा उसको आफ्नो मातृभाषामा विषयबस्तुको जानकारी छ भने त्यस्तालाई साक्षर मान्ने कि नमान्ने ?**

नेपालका हरेक नागरिकसम्म शिक्षाको पहुँच सहज बनाउन संविधानको मौलिक हक मै यसको ब्यबस्था गरेको छ । विद्यालयस्तरीय शिक्षाबाट आर्थिक विपन्नता, विद्यालयसम्मको दूरी, घरायसीसहितका कामले बालिकामात्र नभई बालकहरु समेत वन्चितहुने गरेका छन् ।

विद्यार्थी जीवनबाट वन्चित,विपन्न समूहलाई राज्यले एवं राज्यसँग सहकार्य गरि गैरसरकारी संस्थाहरुले साक्षर हुने अवसर दिइएको देखिन्छ । किशोरकिशोरी शिक्षा, प्रौढ शिक्षा, गृहणी शिक्षासहितका नमूना एवं जीवन्त कक्षाहरु साक्षरता हुने अवसर शिक्षाको पहुँचबाट दूर रहेकाहरुले प्राप्त गरेका छन् । सहभागी केन्द्रित कक्षाहरु भएकोले समय अनुकुल विद्यालयको कक्षा कोठा एवं समूदायकै कुनै कोठामै साक्षर भएकाहरुले जीवनपर्यन्त सिकाइलाई सहज रुपमा ब्यवहारमा उतार्ने गरेको देखिन्छ ।

जीवनपर्यन्त सिकाइ अनुभवमा आधारित सिकाइ पनि हो । साक्षर भएपछि ब्यवहारमा तो ज्ञानलाई उपयोग गर्दा जीवनपर्यन्त सिकाइ निरन्तर निखाँरिदै जान्छ । सुविधाबाट वन्चित समूहमा साक्षरताका ज्योती फैलिएपछि किशोर किशोरीहरुले पुनः विद्यालयको कक्षा कोठामा मूलधारकै शिक्षा प्रणालीमा समाहित भएका उदाहरणहरु हिमाल, पहाडमा मात्र नभई तराई मधेशका कुनाकाप्चामा हेर्न सकिन्छ । प्रौढ अथवा गृहणी शिक्षाबाट साक्षर भएकाहरु खुल्ला विद्यालयमा पठनपाठनलाई निरन्तरता दिएका खबरहरु सुन्न र हेर्न पाइन्छ ।

हुनतःजाति, भाषा, क्षेत्र, भूगोल अथवा विपन्नताकै कारणले सिमान्तकृत भएका समूदायलाई साक्षर हुन पाउनु उत्सव जस्तै हुनेगर्छ । राज्यले ती विपन्नहरुलाई सिमान्तकृत पार्न खोजेको भए शिक्षाको हकलाई मौलिक हकमा किन राखेको छ भनेर प्रश्न गर्न सकिन्थ्यो । तर समूदायभित्र बनिसकेको वर्गीय विभेद र शिक्षाभन्दा घरायसी कामको प्राथमिकताले विपन्न समूदायलाई स्वतः सिमान्तकृत बनाउने गरिन्छ । सीमान्तकृत हुनु, पहुँच नहुनुले निर्णय गर्ने क्षमतामा प्रभाव अवश्य पार्छ तर सही निर्णयले साक्षरता हुने अवसर पाएमा उदाहरणीय काम गर्न सकिनेमा दुईमत छैन ।

आर्थिक रुपले विपन्न अथवा समाजिक, सांस्कृतिक रुपले पछाडि पारिएका समूदायमा शिक्षाको शिक्षाप्रतिको वितृष्णा हुने कारणको खोजी बिना साक्षर बनाउने अभियान अथवा जीवनपर्यन्त सिकाइलाई सदुपयोग गर्ने कुरा मिथ्या नै हो । किन पढ्ने वा किन साक्षर हुने भन्ने कुरा नै बुझाउने र पढाउनुपर्ने पहिलो प्राथमिकता हुनुपर्छ । पढेर वा शिक्षा आर्जन गरेर सीमान्तकृत समूदाय अथवा कुनै विपन्न परिवारका सदस्यले कसरी सफलता हासिल गरे भन्ने कुराको जानकारी र ज्ञान दिइनु अतिकै आवश्यक छ ।

नेपालको साक्षरता दर ६४.९४ भन्दा कम पनि कम साक्षरता रहेको प्रदेश-२ र कर्णालीलाई साक्षरता कक्षा, जीवनपर्यन्त सिकाइको अभ्यास आवश्यक छ । तथ्यांकगत हेर्दा सुविधाबाट वन्चितसमूदाय पनि यी दुईवटा प्रदेशमा अन्यको तुलनामा अत्याधिक छ ।

बालविकास अथवा कक्षा १ मा भर्ना भएका बालबालिकाहरु सतप्रतिशत विद्यालयस्तरीय शिक्षा पनि पूरा गर्न नसक्नु दुखद विषय त हो । तर साक्षरता कक्षामार्फत साक्षर भएर पनि पुनः विद्यालयमा छिरेका बालबालिकाहरु निरन्तरता दिन नसक्नुमा कमजोरी अभिभावक, विद्यालय र नीति निर्माणको भनेर आरोप लगाउने ठाउँहरु छन् ।

सुविधाबाट वन्चित भएका समूदायलाई साक्षर मात्रै गर्ने अथवा विद्यालय उमेरका बालबालिका छन् भने विद्यालयस्तरीय शिक्षा पूरा गर्ने वातावरणको सुनिश्चितता गर्नु आवश्यक छ । सही वा गलत छुट्टाउन सक्ने ज्ञान भए अभ्यासमा आधारित जीवनपर्यन्त सिकाइले जीवनयापन सहज बनाउने छ । नेपाललाई पूर्ण साक्षर बनाउने सपना आफैमा चुनौतीपूर्ण छ किनकी सुविधामा वन्चित समूदाय साक्षरताबाट निकै टाढा देखिन्छन् ।

दुईबर्ष अगाडि शिक्षा मन्त्रालय र युनेस्कोको सहयोगमा काठमाण्डौमा आयोजित संघीयतामा अनौपचारिक शिक्षा सम्बन्धी कार्यशालामा तत्कालिन शिक्षा सचिव मधुप्रसाद रेग्मीले नेपालको साक्षर जनसंख्या ८० प्रतिशत नाघेको दावी गर्नुभएको थियो । दावी गरिएका साक्षरता प्रतिशत दुईबर्षमा केही बुद्धि नभएको होला भन्न ग्राहो छ । साक्षरता शिक्षा चल्दैमा सबै सहभागी साक्षर हुने दावी गरियो भने साक्षरता सतप्रतिशतभन्दा बढी पुगेको हुनसक्ने देखिन्छ । साक्षरता अभियान अन्तर्गत २०७२ सालमा गरिएको एक कार्यक्रममा ६० बर्षसम्मका मानिसहरुको साक्षरता दर ९५.५४ प्रतिशत पुगेको दावी गरिएको थियो ।

अनुगमन र मूल्याङ्कनले सिकाई मापन नभएसम्म साक्षर भएको र ती ब्यक्ति अब जीवनपर्यन्त सिकाइलाई अभ्यासमा ल्याउन समक्ष भएको दाबी गरिनु दुखद हुनसक्छ । के एउटै मोडलले नै हिमाल, पहाड, तराई र मधेशका बासिन्दा साक्षर हुनसक्छन् ? के सिकाईको स्तर एउटै छ ? के आर्थिक र समाजिक अवस्था एउटै छ?

जबसम्म यी प्रश्नहरुको सुक्षम उत्तर नआएसम्म सुविधा वन्चित समूदायमा ज्ञान र शिक्षाको ज्योती पुग्यो भनेर दाबी गर्नु अनुचित ठहर्छ । अझैसम्म धेरै सीमान्तकृतहरु विद्यालयबाहिर निकृष्ट श्रममा भेटिन्छन् । पैसा पाउने वा नपाउने काममा दिनभरि श्रम गरिरहेका देखिन्छन् । ती बालबालिका र अभिभावकलाई बालअधिकार र संविधानमा लेखिएको शिक्षासम्बन्धी मौलिक हक कहिल्यै नसुनेको संगीत जस्तै लाग्छ । आवश्यकतामा आधारित शिक्षा र ज्ञान एउटा पाटो हो भने साक्षरता सबैका लागि आवश्यकता अर्को पाटो हो । पहिलो ध्येय उमेर पुगेका बालबालिकालाई विद्यालयमा सतप्रशित भर्ना, टिकाउने र पछि बिकाउनेसम्म बनाउने जिम्मेवारी विद्यालयको हो । तर अभिभावकले सहयोग गरेको खण्डमा मात्रै । अभिभावकले आर्थिक विपन्नता वा अन्य कारणले आफ्नै सन्तानको बालापन र अधिकार खोसेको पत्तो पाउँदैनन । दोस्रो अवसरका रुपमा प्राप्त हुने साक्षरता कक्षाहरुमा समेत सामेल नगराइ आफ्नै सन्तानहरुमाथि अन्याय गरेका थुप्रै उदाहरणहरु समाजमा भेटिन्छन् । अभिभावकलाई मात्रै शतप्रतिशत दोष दिएर शिक्षकलाई चोखो बनाउन खोजिएको होइन । अध्ययनको क्रममा शिक्षकहरुकै कारण विद्यालय छोडेका बालबालिका र पुनः साक्षर भई विद्यालय भर्ना भएका विद्यार्थी अध्ययन पूरा गर्न नसक्नु देखिएको छ । तेस्रो पक्ष हो समाजले शिक्षाप्रति बनाएका केही भ्रमहरु , जसले साक्षर नभएपनि रुपैयापैसा कमाएको उदाहरण पेश गर्न पछि पर्दैनन् ।

२००४ सालमा आधार शिक्षाको थालनीले लेख्य साक्षरता शिक्षाको औपचारिक प्रारम्भ भएको हो । सातदशक नाघिसक्दा समेत नेपालीलाई शतप्रतिशत साक्षर बनाउन नसकिएको तथ्य भुल्न सकिदैंन । २०१३ सालदेखि योजनाबद्ध रुपमा सुरु भएको प्रौढ शिक्षाका रुप र रंगहरु अझैसम्म कायम छ । समय समयमा राष्ट्रिय साक्षरता अभियान पनि नचलेको होइन । तर यसको प्रभाव मूल्याङ्कन हामी अझैसम्म सीमान्तकृत समूदायमा साक्षरताको ज्योती जगाउन नसकेकै नजिता आउँछ । जीवनपर्यन्त शिक्षा भैपरि शिक्षा अथवा आवश्यकता र अभ्यासमा आधारित शिक्षाले साक्षरताको स्तर केही हदसम्म बढाउनेभन्दा पनि जीवनयापनमा सहजता ल्याउने देखिएको छ ।

२०७३ सालमा राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक कोष युनेस्कोले विश्वमा ७५ करोड ९० लाख प्रौढ पढ्न लेख्न समेत नजानेको तथ्याङ्क सार्वजनिक गरेको थियो । यस्ता नजान्नेमा दुई तिहाई महिला छिन् । विश्वको परिवेशभन्दा नेपाल पनि फरक छैन । साक्षरता र जीवनपर्यन्त शिक्षालाई लैङ्गिक सक्षमताका आधारमा अगाडि बढाउनुपर्ने देखिन्छ । यस विषयमा थुप्रै बहसहरु पनि भएकै छन् । साक्षरताका बाधक पाठ्यक्रम त होइन भनेर यसबारे पनि सोधखोज हुनु आवश्यक छ । हरेक नेपाली साक्षर नभएपनि मुर्ख छैनन भन्ने जगजाहेर छ । परम्परागत शिक्षण विधि अनुसारको पाठ्यक्रम बनाउँदा साक्षरताको प्रतिशत बढाउन मद्दत मिल्ने विश्वास छ ।

अनौपचारिक एवं निरन्तर सिकाइ दोस्रो पक्ष हो किनभने पहिलो पक्ष छुट्न गएमा मात्रै यो उपलब्धिमूलक हुनसक्छ । अहिलेको समयमा सुचना प्रविधिको प्रयोग, समान्य हिसाबकिताब, समान्य लेख पढलाई साक्षरताको श्रेणीमा राखेको छ । पुनः सर्वेक्षण गरियो भने हाल समकक्षता दिने साक्षरताको परिभाषाको हालसम्म शिक्षा मन्त्रालयले गरेका दावीहरुमाथि अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

सन् २०२२ सम्ममा समावेशी, सुरक्षित र संरक्षित वातावरणमा सबैभन्दा पिछडिएकासहित देशका सम्पूर्ण बालबालिकालाई पूर्वप्राथमिक तथा आधारभूत शिक्षा सुनिश्चित गर्ने लक्ष्य अन्तर्गत कार्यान्वयन गरिएका विद्यालय क्षेत्र सुधार योजना(एसएसडीपी, सन् २०१६-२०२२) निर्देशित छ । अनौपचारिक शिक्षा क्षेत्रमा समेत केही कामहरु गर्ने योजना संयुक्त राष्ट्र बाल कोष (युनिसेफ) ले अनौपचारिक शिक्षाका माध्यमबाट विद्यालयमा ढिला वा पहिलोपल्ट उपस्थित भएका किशोरकिशोरी लक्षित, जीवउपयोगी सीपहरुमा आधारित पाठ्यक्रम निर्माण तथा अनौपचारिक शिक्षाको समानक संरचना निर्माणको कामहरुमा सघाउँदै आएको छ । युनेस्कोले समेत अनौपचारिक शिक्षामा भूमिका खेल्दै आएको छ ।

सुविधा वन्चित समूहमा साक्षरता एवं जीवनपर्यन्त सिकाइको पहुँच विस्तारका लागि केही महत्वपूर्ण पाटोहरु छन् । यसबारे अध्ययन र अनुसन्धान भइसकेको हुनसक्छ । साक्षरताको स्तर मापन गर्दा भाषागतभन्दा पनि विषयवस्तुको ज्ञान, प्रविधिसँगको सहकार्य वा जानकारीलाई महत्वपूर्ण मानिनुपर्छ । तराईका कुनै ठाउँमा नेपालीभन्दा उसको आफ्नो मातृभाषामा विषयबस्तुको जानकारी छ भने त्यस्तालाई साक्षर मान्ने कि नमान्ने ?

सर्तसहित वा सर्तरहित साक्षरको परिभाषा बनाउने, त्यसमा पनि सुविधा वन्चित समूहलाई पहिला विषयवस्तुको ज्ञान दिने कि प्रविधिको भनेर निर्क्यौल गर्न जरुरी छ । अझैसम्म धेरै यस्ता सीमान्तर्कत समूदाय छन् , जसले सूचना प्रविधिका साधनहरु पनि देखेका छैनन । सूचना प्रविधिको साधन नै नदेखकालाई कसरी साक्षर बनाउने भनेर एक पटक सोच्नुपर्ने आवश्यकता छ । यसमा संघीय, प्रादेशिक तथा स्थानीय सरकारका नीति निर्माणहरु मस्तिष्क मन्थन गरेर गुदी दिव्यज्ञान दिनसक्छ ।

फरक सोच र शैलीका साथ हिमाल, पहाड, तराई , मधेशमा जातिय , भाषिक, सामाजिक एवं सांस्कृतिक रुपले सुविधा वन्चित भएका समूहको पहिचान र साक्षरता एवं जीवनपर्यन्त सिकाइको पहुँच विस्तारका लागि पंचबर्षीय योजना आवश्यक छ । देश संघीय प्रणालीको अभ्यासमा रहेकोले साक्षरताको ग्यारेन्टीका लागि अघिल्ला योजनाहरु संशोधन आवश्यक छ । आवश्यकतामा आधारित साक्षरता शिक्षा, उपभोग र उपयोगका विषयहरुले निर्देशित हुनु पनि आवश्यक छ । साथै भाषागत एवं जातिय सहभाव हुनु उतिकै आवश्यक छ । सुविधाबाट वन्चित समूहलाई सुविधा सम्पन्न समूहसँग नै शैक्षिक अभ्यास र जीवनपर्यन्त सिकाइको अभ्यासमा लगाइनु पनि फलदायी नै हुनेछ ।

यसलाई गरिबी निवारणका लागि बहुआयमिक साक्षरता(पाठ्यक्रमको ज्ञान, परम्परागत ज्ञान, सुचनाप्रविधिको ज्ञान र वित्तीय ज्ञान) अथवा एकीकृत साक्षरता र जीवनपर्यन्त सिकाइ कार्यक्रम कार्यान्वयन गरि सुविधा वन्चत समूदायलाई अग्रमोर्चामा ल्याउन आवश्यक छ । धेरैले वित्तीय ज्ञानलाई पाठ्यक्रमकै ज्ञानमा राखेका छन् । तर मेरो बुझाईमा यो थोरै फरक छ । अहिले धेरै ठाउँमा साक्षर नभएका खासगरि महिलाहरु विभिन्न समूहमा आवद्ध भई वित्तीय कारोवारमा सहभागी हुने गरेका छन् । यसमा आवद्ध हुनेहरुमध्ये धेरैजसो पहुँच भएका समूदायका छन् । तसर्थ अनौपचारिक शिक्षामार्फत वित्तीय साक्षरतालाई एकीकृत रुपमा अगाडि ल्याएर आर्थिक सशक्तिकरण गरिनु आवश्यक छ । हुनतः युनिसेफ, युनेस्को, विश्व शिक्षाजस्ता संस्थाहरुले पाठ्यक्रममै पनि वित्तीय विषय राखेको पाइन्छ । तर यसको प्रभावकारिता र सुविधा विहीन समूदायमा भएको पहुँचबारे अध्ययन नभएको देखिन्छ । यस्ता कुरामा अध्ययन गरेर अगामी नीति र रणनीति तयार गर्न स्थानीय सरकारहरुसँगको सहकार्य आवश्यक छ ।

गाउँपालिका र नगरपालिकाहरुमा शिक्षा विज्ञको अभाव र अध्ययन अनुसन्धानमा देखिएको अरुचिले सुविधाविहीन वर्गलाई साक्षरता शिक्षा र ज्ञान अकाशे फल जस्तै छ । यस विषयलाई गंभीरताका साथ मनन गरि पहुँच बिस्तार वा मार्ग निर्धारण आवश्यक छ ।

सामाजिक एवं जातिय रुपमा पछाडि परेको अथवा सुविधाबाट बंचित समूदायका बालबालिकालाई छात्रवृतिसहितको अनौपचारिक शिक्षामा समेत जोडबल गर्नु आवश्यक छ । साथै प्राविधिक अथवा अन्य कुनै विषयको अध्ययन र छात्रवृतिबारेको जानकारी क्रमगत रुपमा अनौपचारिक कक्षामा पनि जानकारी गराइए साक्षर भई ती बालबालिका पुनः विद्यालयमा तथा अनय समूहका मानिसहरु स्वरोजगारमा जान सजिलो होस् ।

मैले अनौपचारिक शिक्षा एवं शिक्षण पद्धतीमा देखिएका केही त्रुटीहरुको उठान र समाधानहरुको उपाय मात्रै यहाँ उल्लेख गरेको छु । यसबारे केही कुरा अनुसन्धात्मक तथा केही ब्यवहारिक सुझावहरु छन् । समाधानका उपायहरु आवलम्वन भएमा सुविधा वन्चित समूहमा साक्षरता एवं जीवनपर्यन्त सिकाइको पहुँच विस्तार हुनसक्नेमा म आशावादी छु ।

# मधेशमा जनमत पार्टी बाहेक अरु कसैको सम्भावना छैन

**पेशाले इलेक्ट्रिकल इन्जिनियर तथा प्रोजेक्ट म्यानेजमेन्टमा एमबीए गरेका कुशवाहा प्रदेश २ अन्तर्गत रौतहट जिल्लाको बौधीमाई नगरपालिकाका बासिन्दा हुन्। आफ्नो कौशलताका कारण उनी मध्यपूर्वमा सन् २०१६ मा 'इन्जिनियरिङ्ग अफ द इयर' र सोही वर्ष मध्यपूर्व र अफ्रिकामा 'इन्जिनियरिङ्ग एक्सेलेन्स अवार्ड'बाट पनि सम्मानित भएका हुन्। यसका साथै सन् २०१९ मा मध्यपूर्वमै उनी 'सस्टेनबल टूरिज्म अवार्ड'बाट पनि पनि सम्मानित भए। नेपालका थुप्रै पाँचतारे होटलहरुमा उनी इन्जिनियरिङ्ग डाइरेक्टरका रुपमा पनि सेवा गरिसकेका छन्। यसका साथै उनी मध्यपूर्व, अफ्रिका, युरोप, अमेरिकाका साथै ५० भन्दा बढी मुलुकहरुको भ्रमण गरिसकेका छन्। उनी स्काइ क्लब नेपालको संस्थापक सदस्य, नेपाल तराई इन्जिनियर समाज, तराई विद्यार्थी समाज, गैरआवासीय मधेशी संघ, मधेश राहत कोष र रौतहट छात्रवृति कार्यक्रममा पनि आवद्ध छन्। गैरआवासीय मधेशी संघको अन्तर्राष्ट्रिय कमिटीको अध्यक्ष र जनमत पार्टीको विदेश विभाग प्रमुख कुशवाहासँग गरिएको कुराकानीको सम्पादित अंश:**



**ई.बसन्त कुशवाहा**
**गैरआवासीय मधेशी संघका अन्तर्राष्ट्रिय समिति अध्यक्ष तथा जनमत पार्टीको विदेश विभाग प्रमुख**

**० गैरआवासीय मधेशी संघ (एनआरएमए)ले आफ्नो स्थापनाकालको एक दशक पूरा गरेको छ। यो एक दशकको समय कस्तो रह्यो ?**

– हामीले गैरआवासीय मधेशी संघको स्थापना सन् २०१० सेप्टेम्बर ८ का दिन गरेका हौं। यसको संस्थापक अध्यक्ष डा.सीके राउत हुनुहुन्छ। सुरुवाती अवस्थामा हामीले मधेशसम्बन्धी डकुमेन्टहरु बनाउने, विभिन्न तथ्यांकहरु संकलन गर्ने र विश्वभरि छरिएर रहेका मधेशीहरु माझ देखायौं। हरेक मञ्चहरुमा मधेशबारे जानकारी दिने कामहरु गर्‍यौं। साथै, डा.सीके राउतले लेख्नुभएको 'मधेश का इतिहास' नामक पुस्तक पनि प्रकाशन गर्‍यौं। त्यसपछि विभिन्न देशहरुमा हाम्रो संगठनहरु विस्तार सुरु भयो। आजको दिनसम्म आउँदा हामीले गैरआवासीय मधेशी संघलाई ४५ वटा देशमा विस्तार गरिसकेका छौं।

संगठन विस्तारको साथसाथै हामीले मधेशमा पनि सहयोगका कार्यक्रमहरु पनि गरेका छौं। मधेशमा आउने गरेको प्राकृतिक प्रकोप तथा विपदहरुमा विदेशबाट पनि आर्थिक सहयोग, राहत र निःशुल्क स्वास्थ्य शिविरका कार्यक्रमहरु गरेका छौं। मधेशबाट वैदेशिक रोजगारका आउने मधेशीहरुलाई पनि विभिन्न किसिमका सहयोगहरु गरिरहेका छौं। मधेशीहरु वैदेशिक रोजगारका लागि विदेशमा आइसकेपछि उहाँहरुलाई हेर्ने वा सहयोग गर्ने सुरुवाती अवस्थामा कोही थिएनन्। हामीले हरेक देशमा संगठनहरु निर्माण गरिसकेपछि सबै देशका साथीहरु हामीसँग जुड्न थाल्नुभयो। विदेशमा रोगजारीसम्बन्धी, कानूनी लगायत विभिन्न समस्याहरु समाधानका लागि प्रयासहरु गर्‍यौं। धेरैजसो ठाउँहरुमा मधेशीहरुले भोग्ने गरेका समस्याहरुको समाधानमा हामीले सहयोग गरेका छौं।

यसैगरी हामीले मधेशको सभ्यता र संस्कृतिलाई पनि अन्तर्राष्ट्रियस्तरमा चिनाउने र संरक्षण गर्ने कोशिस गरिरहेका छौं। हामीले विदेशमा अहिले बडो धुमधामका साथ हरेक वर्ष होली, छठ लगायत चाडपर्वहरु मनाउने गर्छौं। यस्तै, गैरआवासीय मधेशी संघले अन्तर्राष्ट्रिस्तरका संगठनहरुमा पनि हामी सहभागी हुने गरेका छौं। हामीले मधेशसँग हुने गरेका विभेद, रंगभेदका घटनाहरुबारे अन्तर्राष्ट्रिय मञ्चहरुमा सूचना दिने, अन्तर्क्रिया गर्ने र आवाज उठाउने काम पनि निरन्तररुपमा गर्दै आएका छौं। जसले गर्दा अब नेपालका धेरैजसो रिपोर्टहरुमा मधेशको कुराहरुले स्थान पाउने गरेका छन्।

**० भनेपछि मधेशको मुद्दा र पहिचानलाई अन्तर्राष्ट्रियकरण गर्नुको साथै वैदेशिक रोजगारको क्रममा विदेशिएका मधेशीहरुलाई पनि सहयोग गर्नुहुन्छ ?**

– निश्चितरुपमा हामीले मधेशको मुद्दा र पहिचानलाई अन्तर्राष्ट्रियकरण गर्नुका साथै मधेशीहरुले विदेशमा भोग्ने समस्याहरुलाई पनि समाधान गर्ने प्रयास गरिरहेका छौं। अहिले जसरी कोरोनाका कारण धेरै कम्पनीहरु बन्द भएका छन्, धेरैको रोजगारी गुमेको अवस्था छ। धेरै ठाउँहरुमा कम्पनीका मालिकहरु पनि भागेका छन्। यस्तो अवस्थामा हामीलाई सूचना प्राप्त भएअनुसार जति पनि मधेशी साथीहरु हाम्रो सम्पर्कमा आउनु हुन्छ, उहाँहरुलाई उद्धार गर्ने, बस्ने खाने व्यवस्था गरेका छौं। यस्ता कार्यक्रमहरु हामीले हरेक देशहरुमा गर्ने गरेका छौं। खासगरी मलेसिया, साउदी अरेबिया, कुवेत, कतार, बहराइन लगायतका देशहरुमा धेरै समस्याहरु छन् र यही ठाउँहरुमा मधेशीहरुको संख्या बढी छ। हरेक ठाउँमा हामीले कोरोना वेलफेयर उपसमिति बनाएर सबै मधेशी साथीहरुलाई सहयोग उपलब्ध गराइरहेका छौं। कोरोनाको कारणले समस्यामा परेकाहरुका लागि हामीले त्यहाँका सम्बन्धित निकायहरुबाट पनि समन्वय गरेर उद्धार तथा राहतका कामहरु गरिरहेका छौं।

**० एमआरएमएको संस्थापक डा.सीके राउत हुनुहुन्छ, उहाँले अहिले जनमत पार्टी भनेर गठन गर्नुभएको छ। भनेपछि, यो एनआरएमए जनमत पार्टीको एउटा भ्रातृ संगठन हो ?**

– निश्चितरुपमा गैरआवासीय मधेशी संघ जनमत पार्टीको एउटा भ्रातृ संगठन नै हो र त्यहींअनुरुप नै हामीले यसलाई अगाडि बढाइरहेका छौं। सुरुमा हाम्रो स्वतन्त्र मधेश गठबन्धनको जुन अवधारणा थियो त्यसमा हामीले अहिले मधेशमा स्वराज स्थापना हुनुपर्छ, जनता राज स्थापना हुनुपर्छ भन्ने अवधारणाका साथ नै अगाडि बढिरहेका छौं। सरकारी तथ्यांकअनुसार विदेशमा करिब ७ लाख मधेशीहरु छन्। यो ७ लाख मधेशीमध्ये करिब २ लाख मधेशीहरु हाम्रो संगठनमा आबद्ध भइसक्नुभएका छन्। खासगरी, उहाँहरु युवावर्गका साथीहरु हुन्। नेपालमा काम नपाएर, रोजगार नपाएर विदेशमा आएर बाध्य भएर काम गर्ने युवाहरु हुन्। उहाँहरुले स्वरोजगार गर्ने हामीले योजना पनि बनाएका छौं। खासगरी मधेशको कृषिमा आधुनिकीकरण गर्ने, साना र मझौला उद्योगहरु स्थापना गर्ने कामतिर लागिरहेका छौं। यसैबीचमा हामीले राजनीतिक प्रशिक्षण पनि दिने गरेका छौं। मधेशमा जबसम्म राजनीतिक परिवर्तन हुँदैन तबसम्म सामाजिक र आर्थिक परिवर्तन सम्भव छैन। विदेशबाट फर्किने साथीहरु जनमत पार्टीमा आबद्ध भएर आउने चुनावमा स्वयम् सेवकको भूमिका खेल्ने र राजनीतिक परिवर्तन गर्ने अवधारणाका साथ हाम्रा कार्यक्रमहरु अगाडि बढिरहेका छन्।

**० जनमत पार्टीले १० लाख युवाको रोजगारीको अवधारणा ल्याएको थियो, कसरी रोजगारी सिर्जना गर्ने त ?**

– एउटा उदाहरणको रुपमा मेरो गृहजिल्ला रौतहटको बौधिमाई नगरपालिकालाई नै हेरौं। बौधिमाई नगरपालिकाको पूरै क्षेत्रफल करिब ३२ वर्ग किलोमिटर हो। यसभित्र कृषियोग्य उपभोग्यका वस्तुहरु आफ्नै ठाउँमा उत्पादन गर्न सक्छौं। त्यसका लागि बौधीमाई नगरपालिकाका लागि दुई सयदेखि दुई सय पचास वटा साना तथा मझौला उद्योग निर्माण गर्ने आवश्यकता देखिन्छ। त्यो संख्यामा यदि हामीले उद्योगहरु लगाउन सक्यौं भने प्रत्येक उद्योगमा ५ देखि १० जनासम्मले रोजगारी पाउने अवस्था हुन्छ। भनेपछि एउटा नगरपालिकामा एक हजारदेखि १५ सय जनाले सिधै रोजगारी पाउने अवस्था हुन्छ। यसरी नै मधेशभरिकै सबै जिल्लालाई हिसाब गर्ने हो भने १० लाभन्दा बढीले रोजगार पाउने अवस्था सिर्जना गर्न सकिन्छ।

**० तर युवा वर्गलाई कृषिप्रति प्रेरित कसरी गर्ने ?**

– यसलाई आम्दानीको रुपमा देखाउन सक्नुपर्छ। विदेशमा काम गर्ने कामदारहरुको औसतमा ३० देखि ४५ हजारसम्म प्रति महिना अर्थात वर्षको ४-५ लाख हुन्छ। विदेशमा जुन सिप सिक्नुभएका छन्, त्यसलाई मधेशमा कार्यान्वयन गर्ने तयारीमा छौं। मधेशमा जुन किसिमको राजनीतिक परिवेश हो, स्थानीय, प्रदेश र संघीय सरकारको जुन तरिकाले बजेट विनियोजन हुन्छ त्यसले मधेशमा खासै परिवर्तन भएको हामीले देखेका छैनौं।

त्यसैले जनमत पार्टी आउनु भनेको नै त्यहाँ जनता राज र स्वराजको स्थापना गर्ने हो। त्यहाँका नागरिकले यो हाम्रो सरकार हो, यसले सबैको समस्या समाधान गर्छ भन्ने हेतुले नै जनमत पार्टीको स्थापना गरेका हौं। विदेशमा रहेका साथीहरु अहिले फर्किने अवस्थामा छन्। मधेश फर्किसकेपछि उहाँहरुले जग्गा भनेको करिब २२-२४ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ। त्यहाँ अहिले जुन प्रकारले कृषिका कार्यक्रमहरु भइरहेका छन्, त्यसमा यदि हामीले आधुनिकीकरण तरिकाले कार्यक्रमहरु ल्याउने हो भने अहिले भइरहेको कृषि उत्पादन तीन गुणाले वृद्धि हुन्छ। यसका लागि हामीले सर्वेक्षण र अध्ययन पनि गरेका छौं। उत्पादन बढ्नासाथ त्यहाँ कच्चा पदार्थहरुको वृद्धि हुन्छ। कच्चा पदार्थ वृद्धि भयो भने साना र घरेलु उद्योगहरु लगाउन सकिन्छ। त्यो किसिमले हामी अवधारणा ल्याएका हौं। हामीले यसलाई आत्मनिर्भर नगरपालिका वा गाउँपालिकाको अवधारणा ल्याउन खोजेका छौं। हामीलाई चाहिने दैनिक यदि मधेशमा कसैसँग ५ कठ्ठा जग्गा छ वा लिजमा पनि लियो भने त्यसमा आधुनिक कृषिमार्फत् वर्षमा ६ देखि ७ लाखसम्म आम्दानी गर्न सक्छ। विदेशमा महिनाको ३०-३५ हजार कमाउनुभन्दा आफ्नै स्वदेशमा घरपरिवारमै बसेर कृषि कर्म गर्ने हो भने त्यहाँभन्दा बढी आयआर्जन गर्न सक्छन्। कोरोनाका कारणले पनि विदेशका धेरै उद्योगधन्दाहरु बन्द भइसकेका छन्, मान्छेहरु रोजगार गुमाउने अवस्था छ। भनेपछि अब बाँच्ने आधार के त ? त्यो आधार भनेको मधेशमै गएर कृषिमा आधारित आधुनिकीकरण गरेर काम गर्नुभयो भने मात्रै राम्रोसँग दिनचर्या बित्न सक्छ।

**० तपाईंको पार्टीका अध्यक्ष डा.सीके राउतले आगामी चुनावमा प्रदेश २ मा क्लिनस्वीप गर्ने दाबी गर्नुभएको छ। तर, मधेशकेन्द्रित ठूला दलहरु एक भइसकेका छन्। कसरी सम्भव होला त ?**

– कांग्रेस, कम्युनिष्ट र जसपामा प्रजातन्त्र आइसकेपछि अहिलेसम्म तिनै अनुहारहरु छन्। अहिलेसम्म यिनीहरुले मधेशमा केही गर्न सकेका छैनन्। अहिले जुनसुकै तहको सरकारमा हेर्नुस्, भ्रष्टाचार चरम सीमामा छ। कुनै पनि नगरपालिकाको बजेट सही तरिकाले सदुपयोग गर्न सकिरहेको अवस्था छैन। जहाँबाट कमिशन आउँछ, त्यो काम गरिरहेका छन्। जनमत पार्टीको ठहर छ कि मधेशमा गएका बजेटहरु सदुपयोग हुन सकेको छैन। भ्रष्टाचार भएको हो कि काम गर्न नसकेको हो। त्यसैले अब मधेशमा केही गर्ने भनेको नै जनमत पार्टीले हो। जनमत पार्टी भनेको बुद्धिजीबीवर्गको, दूरदृष्टि राख्ने व्यक्तिहरुको पार्टी हो। हाम्रो पार्टीमा विज्ञ समूहहरु पनि छन्, जसले हरेक तरिकाको खोज र अनुसन्धान गरेर मधेशमा लागू गरेर रोजगारीको अवस्था सिर्जना गर्न सक्छन्। यी कुराहरु हामीले गाउँ-गाउँमा विभिन्न प्रशिक्षण तथा तालिमहरुको मार्फत् सचेत गराउने कार्यक्रमहरु पनि चलेका छन्। निकट भविष्यमा मधेशमा जनमत पार्टी बाहेक अन्य कुनै पार्टी वा संगठनले विकास गर्ने सम्भावना छैन। आउँदो चुनावमा कांग्रेस, कम्युनिष्ट र जसपा एकतिर र जनमत पार्टी अर्कोतिर भएर चुनाव लड्ने हो। जनमतले ल्याएको एजेन्डा, विकासका अवधारणा हेरेर नै जनताले मत दिनेछन्। मधेशका जनताले यिनीहरुलाई हेरिसके अब जनमतलाई हेर्न बाँकी छन्।

**० तपाईंहरुले यदि प्रदेश २ मा सरकार बनाउने अवस्था आयो भने के-के गर्ने योजनाहरु छन् ?**

– प्रदेश २ मा यदि हामीले सरकार बनाउने अवस्थामा पुग्यौं भने मेगा कारखानाहरु स्थापना गर्ने मुख्य अवधारणा हो। मेगा कारखाना भनेको मलखाद्य उत्पादन गर्ने लगायतका छन्। अहिले नै मधेशमा कृषिका लागि मलखाद्यको हाहाकार छ। हामीले चाह्यौं भने मधेशमै मलखाद्य उत्पादन गर्न सक्छौं। त्यसका लागि हामीले एउटा अध्ययन प्रतिवेदन पनि बनाएका छौं। युरिया मलको फैक्ट्री लगाउनका लागि करिब १० अर्ब नेपाली रुपैयाँ आवश्यक पर्छ। मधेशको विकास गर्नुछ भने मधेशमै युरिया मलको कारखाना लगाउनुपर्छ। त्यसपछि खाद्यान्न उत्पादन गर्ने ठूला कारखानाहरु प्रदेश सरकारमार्फत् बनाउने हो। त्यसपछि मेगा अस्पतालहरु जस्तै हजार शय्याभन्दा माथिका अस्पतालहरु हरेक जिल्लामा हामीले स्थापना गर्छौं। यस्ता कार्यक्रमहरु प्रदेश सरकारमार्फत् होस् भन्ने हाम्रो चाहना हो। यसको साथसाथै प्रदेश सरकारबाट सोलार सिस्टमका प्रोजेक्टहरु लगाउने अवधारणाहरु ल्याएका छौं। यस्तै, पूरै मधेशमा फ्रि वाईफाई होस्। स्याटेलाइट मेकानिजमबाट पूरै मधेशमा वाइफाई फ्रि गर्ने अवधारणा ल्याएका हौं। यो सबै कुरा हामीले प्रदेश सरकारमार्फत् गर्ने योजना छन्। त्यसपछि हामी जुन संख्याले संघीय सरकारमा प्रतिनिधित्व गर्छौं, त्यो हिसावले मधेशमा भौतिक पूर्वाधार निर्माणका अवधारणाहरु ल्याउँछौं। जस्तै, बाढी पहिरो नियन्त्रण तथा व्यवस्थापन, सडक सञ्जाल विस्तार लगायत निर्माणका परियोजनाहरु संघीय सरकारले गरोस् भन्ने हाम्रो अवधारणाहरु छन्। त्यो अनुसार हामी अगाडि बढ्दैछौं। यसरी हामीले योजनाअनुसार काम गर्‍यौं भने मात्रै मधेशमा आमूल परिवर्तन र विकास हुनसक्छ। यो सोच हामी जनतामा लिएर जाँदैछौं। जनताले यी कुराहरु बुझ्दैछन्।

**० भनेपछि जनमत पार्टी मधेशमा मात्र सीमित रहन्छ कि पहाड र हिमाल पनि चढ्छ ?**

– यो सान्दर्भिक प्रश्न उठाउनुभयो, हाम्रा साथीहरुले पनि यो प्रश्न उठाउनु हुन्छ। हाम्रो कार्यक्षेत्र मधेशकेन्द्रित नै हुने हो। जनमत पार्टी मधेशकेन्द्रित भएर मधेशको विकासका लागि मात्रै विकास गर्ने हो। तर यसको मतलब यो होइन कि पहाडी जिल्ला वा साथीहरुसँग पक्षपात गर्ने। खासगरी हाम्रो विशेषज्ञता मधेशकेन्द्रित नै हो। उदाहरणका लागि मधेशमा हुने कृषि कर्म र पहाडमा हुने कृषिमा धेरै फरक छन्। हुन त नबुझ्नेहरुले दुवैतिर समान तरिकाले नै हुन्छ भन्छन्। तर, मधेशमा गरिने कृषिका कार्यक्रमहरु र पहाडमा गरिने कृषिका कार्यक्रमहरु फरक छन्। हामीले गरेको खोज र अनुसन्धान भनेको मधेशको हावापानी, तापक्रम र वातावरणमा कसरी बढाउन सकिन्छ, कुन-कुन किसिमको कृषिहरु गर्न सकिन्छ भन्ने अवधारणा ल्याएका हौं। यस्तै, पर्यटनको क्षेत्रमा हामीले गरेको अध्ययन, विश्लेषण र मार्केटिङ जनकपुरधाम, सिम्रौनगढ र लुम्बिनी जस्ता ठाउँहरु हुन्। यी ठाउँहरुमा गर्ने प्याकेज र मार्केटिङ पहाडतिरको भन्दा फरक हुन्छ। हाम्रो पर्यटन भनेको धार्मिक पर्यटन बढी हुन्छ। हामीले गरेको अर्को अनुसन्धान सोलार सिस्टम हो। सोलार सिस्टमको प्रभावकारिता जसरी मधेशमा हुन्छ, त्यसरी नै प्रभावकारिता पहाडमा हुँदैन। पहाडमा हुने रेडिएसन र मधेशमा हुने रेडिएसन पूर्णरुपमा फरक छन्। हाम्रो खोज र अनुसन्धान लागू गर्ने भनेको मधेशका जिल्लाहरुमा हो। पहाडमा ती कुराहरु उपयुक्त नै हुँदैन। यो १० वर्षको अवधिमा गैरआवासीय मधेशी संघले जुन किसिमको अनुसन्धान र खोजहरु गरेका छ, त्यो कार्यान्वयन हुने भनेकै मधेशमा हो। त्यसैले हामी मधेशकेन्द्रित भएर नै राजनीति गर्न खोजेका हौं। तर सँगसँगै नेपाल भनेको हाम्रो देश हो। अन्य क्षेत्रलाई हामीले पक्षपात गर्न मिल्दैन। तर हामीले गरेका अनुसन्धान र खोजका चीजहरु पहाडका क्षेत्रहरुमा पनि सेयर गर्ने हो। यदि पहाडतिर पनि इच्छा जाहेर गर्‍यो भने हामीले तयार हुन्छौं।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

- हामीले मधेशको मुद्दा र पहिचानलाई अन्तर्राष्ट्रियकरण गर्नुका साथै मधेशीहरुले विदेशमा भोग्ने समस्याहरुलाई पनि समाधान गर्ने प्रयास गरिरहेका छौं।
- विदेशबाट फर्किने साथीहरु जनमत पार्टीमा आबद्ध भएर आउने चुनावमा स्वयम् सेवकको भूमिका खेल्ने र राजनीतिक परिवर्तन गर्ने अवधारणाका साथ हाम्रा कार्यक्रमहरु अगाडि बढिरहेका छन्।
- एउटा नगरपालिकामा एक हजारदेखि १५ सय जनाले सिधै रोजगारी पाउने अवस्था हुन्छ। यसरी नै मधेशभरिकै सबै जिल्लालाई हिसाब गर्ने हो भने १० लाभन्दा बढीले रोजगार पाउने अवस्था सिर्जना गर्न सकिन्छ।
- आउँदो चुनावमा कांग्रेस, कम्युनिष्ट र जसपा एकतिर र जनमत पार्टी अर्कोतिर भएर चुनाव लड्ने हो। जनमतले ल्याएको एजेन्डा, विकासका अवधारणा हेरेर नै जनताले मत दिनेछन्। मधेशका जनताले यिनीहरुलाई हेरिसके अब जनमतलाई हेर्न बाँकी छन्।
- प्रदेश २ मा यदि हामीले सरकार बनाउने अवस्थामा पुग्यौं भने मेगा कारखानाहरु स्थापना गर्ने मुख्य अवधारणा हो। मेगा कारखाना भनेको मलखाद्य उत्पादन गर्ने लगायतका छन्।
- जनमत पार्टी मधेशकेन्द्रित भएर मधेशको विकासका लागि मात्रै विकास गर्ने हो। तर यसको मतलब यो होइन कि पहाडी जिल्ला वा साथीहरुसँग पक्षपात गर्ने। खासगरी हाम्रो विशेषज्ञता मधेशकेन्द्रित नै हो।

# विमलेन्द्र निधिलाई सभापति जित्न गाह्रो छ



**नागेन्द्र कुमार राय**

कांग्रेसले अहिलेसम्म मधेशबाट मत मात्रै लियो तर एकजना पनि मधेशीलाई नेतृत्वको रुपमा स्वीकार गर्न सकेन भन्ने आरोपहरुलाई चिर्नका निम्ति पनि विमल दाईलाई अवसर दिनुपर्ने हो ।

**१४औं महाधिवेशनको अवस्था**

नेपाली कांग्रेसले यही वर्षभित्र महाधिवेशन सम्पन्न गर्ने गरी कार्यतालिका सार्वजनिक गरेको छ । तोकिएकै मितिमा नेपाली कांग्रेसको महाधिवेशन सम्पन्न हुने सम्भावना छैन । किनभने भाद्र मसान्तभित्रै क्रियाशील सदस्यको फाराम भरिसक्ने पर्ने थियो जबकि प्रदेश २ को आठै जिल्लामा अहिलेसम्म क्रियाशील फाराम आएको पनि छैन । समायोजनको काम पनि धेरै जिल्लामा बाँकी छ । त्यसैले यो अवस्थामा समयमा महाधिवेशन हुन्छ भन्ने मलाई लाग्दैन । अर्को कुरो अहिलेको यो अवस्थामा गाउँ-गाउँमा गएर क्रियाशील नवीकरणदेखि लिएर नयाँ क्रियाशील सदस्य बनाउने काम एकदमै गाह्रो छ । मान्छेहरु कोरोना महामारीको भयबाट मुक्त हुन सकेको छैन । भययुक्त वातावरणमा मान्छेहरु हिंडिरहेका छन् । यस्तो अवस्थामा अधिवेशन सम्पन्न गर्न सकिँदैन ।

अहिलेसम्म हामीले अधिवेशनको प्रक्रियासमेत सुरु भएको छैन । प्रदेश २ बाहेक अन्य ठाउँहरु जस्तै काठमाडौं लगायतमा सुरुमा फाराम गयो त्यहाँ अलिकति काम पनि अगाडि बढेको छ । तर, प्रदेश २ को आठै जिल्लामा अहिलेसम्म क्रियाशील फाराम अथवा नवीकरण फाराम आएकै छैन ।

यो तोकिएको मितिमा यदि विशेष कारणवश महाधिवेशन हुन सकेन भने ६ महिनाको म्याद थप्ने व्यवस्था छ । यस विषयमा शीर्ष नेताहरुले विचार गर्नुपर्ने हो । समयावधि नथपिकन तोकिएकै मितिमा महाधिवेशन हुने अवस्था हामी देख्दैनौं ।

म अब आफूलाई कुन गुटको भनुँ । सभापतिका लागि अहिलेसम्म १० वटा अनुहार आइसकेका छन् । म पहिला कोइराला गुटमा थिएँ, पछि शेरबाहदुर दाईको गुटमा आएँ । चुनाव पनि जितें । अहिले अब फेरि चुनाव हुनेवाला छ, धेरै जना उम्मेदवारहरु छन् । अहिले नै निष्कर्षमा पुगिसकेको छैन कि कुन गुटमा जाँदा राम्रो हुन्छ । अहिलेसम्म यो गुट वा त्यो गुटको कुरो छैन ।

**सभापतिमा विमलको सम्भावना**

नेपाली कांग्रेसकै इतिहासमा पहिलोपटक मधेशी मूलका नेता सभापतिका लागि आकांक्षी देख्नुभएको विमलेन्द्र निधिलाई सभापति बनाउन सजिलो देखिँदैन ।

यदि सभापतिका लागि विमल दाई लड्नु हुन्छ भने प्रदेश २ बाट पूर्ण सहयोग पाउनुहुन्छ । प्रदेश २ मा उहाँको विरोधमा जाने लगभग कोही पनि छैन । किनभने उहाँबाहेक प्रदेश २ मा सभापतिका लागि योग्य कोही छँदैछैन । तर कुरो के छ भने प्रदेश २ बाट मात्रै सभापति जित्ने सम्भावना छैन । यसका लागि अन्य ६ वटा प्रदेशको पनि मत आउनुपर्छ । उहाँले उम्मेदवारी दिन्छु भनेर भन्नुभएको छ, हामीले पनि सहयोग गर्छौं भनेर आश्वस्त पारेका छौं । हामीले प्रदेश २ का आठै जिल्लाका सभापति बसेर एकचोटि उहाँसँग कुरा गर्छौं । उहाँ लड्नुहुन्छ भने शेरबहादुर दाईले सहयोग गर्नुपर्‍यो भन्ने हाम्रो धारणा हो । प्रदेश २ बाहेकका साथीहरुले पनि जबसम्म विमल दाईलाई सहयोग गर्दैन तबसम्म चुनाव जित्न गाह्रै हुन्छ ।

शेरबहादुर देउवाको सबभन्दा विश्वासिलो पात्र र नजिकको व्यक्ति विमलेन्द्र निधि हुनुहुन्छ । म अहिले प्रदेश २ मा छु । मैले फोनबाट देउवा र निधि दुवै जनालाई सुझाव दिएको छु कि दुई जनामध्ये एकजना लड्नुस् । यदि विमल दाई नै लड्नु हुन्छ भने विगतमा शेरबहादुर दाईले सहयोग गर्नुभएको छ, उहाँले विमल दाईलाई आशिर्वाद दिनुपर्‍यो भनेर भनेको छु । प्रदेश २ का आठै जना सभापतिले पनि पहल गरिरहेका छौं । यो निषेधाज्ञा समाप्त भएपछि हामी काठमाडौं पुगेर दुवै जनालाई सँगै राखेर एक जना सभापतिका लागि उठौं र एक जनाले सहयोग गर्नुस् भनेर भन्छौं । त्यो वातावरण बनाऔं भन्ने हाम्रो चाहना हो ।



**ऐतिहासिक महाधिवेशन**

कांग्रेसको आधारभूमि नै मधेश हो, एकपटकका लागि मधेशी मूलका नेतालाई कांग्रेसले सभापतिको रुपमा आउन सकेको छैन । कांग्रेसका लागि यो एउटा सुनौलो अवसर पनि हो । कांग्रेसको यो महाधिवेशन ऐतिहासिक पनि हो । मधेशलाई त्यो दृष्टिकोणले हेर्‍यो भने नेपाली कांग्रेस साबिक अवस्थामा आउन सक्छ । किनभने मधेश भनेको कांग्रेस र कांग्रेस भनेको मधेश सुरुदेखि नै हो । यो बीचमा विभिन्न आन्दोलनपछि मधेशी दलहरुले जुन आफ्नो स्थान बनाएको छ, त्यसलाई उछिन्न अरु पार्टीले सक्दैन कांग्रेसबाहेक । कांग्रेसले अहिले पनि मधेशको समस्यालाई आफ्नो समस्या बुझेर अगाडि बढ्यो भने कांग्रेस पुन: मधेशमा स्थापित हुनसक्छ ।

कांग्रेसले अहिलेसम्म मधेशबाट मत मात्रै लियो तर एकजना पनि मधेशीलाई नेतृत्वको रुपमा स्वीकार गर्न सकेन भन्ने आरोपहरुलाई चिर्नका निम्ति पनि विमल दाईलाई अवसर दिनुपर्ने हो । अर्कोतर्फ उहाँको लगानी र राजनीतिक उचाइँ पनि कसैभन्दा कम छैन ।

मधेशलाई हेर्ने दृष्टिकोण कांग्रेसले मात्रै होइन कि यो मुलुकका सबै पार्टीको एउटै छ । बरु विपि बाबुको पालामा गणेशमानजी, महेन्द्रनारायण निधि, शेष इद्रिस भएको बेला मधेशको बेग्लै किसिमको साख थियो । अहिले पनि मधेशी दलका नेताहरु छन्, अधिकांश कांग्रेसबाटै जानुभएका छन् । त्यसकारणले मधेशलाई हेर्ने दृष्टिकोणमा कांग्रेसले परिवर्तन गर्नुपर्छ । मधेशप्रति आफ्नो दृष्टिकोण हामीले परिवर्तन गरेनौं भने गत निर्वाचनबाट नै हामीले परिणाम थाहा पाइसकेका छौं । अझ पनि मधेशलाई त्यतिकै हेला गरियो अथवा मधेशको समस्यालाई बुझ्न सकेनौं भने राम्रो परिणाम ल्याउन सक्दैनौं । नागरिकताकै विषयमा विमलेन्द्र निधिले नै जोडतोडका साथ उठाएर केन्द्रीय समितिबाट पनि पास गराउनुभयो । नागरिकताको विषयमा विदेशी महिलासँग बिहे गरेर ल्याएपछि सात वर्षसम्म किन कुराउने ? यदि आज बिहे गरेर ल्याइयो भने भोलीदेखि नै नागरिकता दिने अवस्था हुनुपर्छ भन्ने दृष्टिकोण हाम्रो केन्द्रीय समितिले नै निर्णय गरिसकेको छ । यसको अगुवाई हाम्रो निधिजीले नै गर्नुभो । यदि निधिजी सभापतिमा निर्वाचित हुनुभयो भने निश्चितरुपमा मधेशमा कांग्रेसको अवस्था बलियो हुन्छ ।

**कोरोनाले कष्टकर जनजीवन**

अहिले मुलुकमा कोरोनाको कहर दिनप्रति बढ्दै गएको छ । जनजीवन कष्टकर बन्दै गएको छ । यो कोरोना महामारीबारे विभिन्न देशका वैज्ञानिकहरुले विभिन्न खालका व्याख्याहरु गर्न थालेका छन् । कतिपयले यसलाई मेडिकल माफियाको षड्यन्त्र हो भन्न थालेका छन् भने कतिपयले चीनले दिएको किट नै उपयुक्त छैन भनिरहेका छन् । किनभने कुनै व्यक्तिले एक ठाउँमा जाँच गराउँदा निगेटिभ आउँछ भने सोही दिन अर्को ठाउँमा जाँच गराउँदा पोजिटिभ आउँछ । जसले गर्दा जनता एकदम अन्योलमा परेका छन् । अर्को, कोरोना लागेको भन्दै समाजमा घृणाको दृष्टिले हेर्ने गरेका छन् ।

कोरोनाको त्रास लामो समयसम्म रहने देखिएको छ । अहिले जसरी ठाउँ-ठाउँमा निषेधाज्ञा लागू गरिएको छ, अब त्यो विकल्प होइन । निषेधाज्ञा नै लगाइराख्यो भने मान्छे रोगभन्दा पनि भोकले मर्न थाल्छन् । बिहान बेलुका पसल खोल्ने कारणले गर्दा पनि कोरोनाको जोखिम बढेको छ । दिनभरि नै पसल सञ्चालन गर्न दिइयो भने त्यति भीडभाड पनि हुँदैन र कोरोनाको जोखिम कम हुन्छ । तोकिएको समयमा पसल खोल्दा धेरै नै भीडभाड भइरहेको छ । त्यसैले अब निषेधाज्ञा पनि सचेत भएर जनजीवनलाई सामान्य बनाउनेतर्फ जानुपर्छ ।

*(राय, प्रतिनिधिसभा सदस्य तथा नेपाली कांग्रेसका सर्लाही जिल्ला सभापति हुन् ।)*

# मणिपाललाई कोभिड विशेष अस्पताल बनाउने निर्णय

जनकपुरधाम । प्रदेश २ सरकारले जनकपुरधामको मणिपाललाई कोभिड विशेष अस्पताल बनाउने भएको छ । प्रदेश संकट व्यवस्थापन केन्द्र (पिसिएमसी)को शुक्रबार बसेको बैठकले कोभिड संक्रमितको उपचारको लागि छुट्टै अस्पतालको रुपमा मणिपाललाई तयार गर्ने निर्णय गरेको हो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पन्न बैठकमा मणिपाललाई कोभिड विशेष अस्पताल बनाउने कार्य तत्काल शुरु गर्नको लागि समितिले भनेको छ ।

मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले प्रदेशमा कोभिड विशेष अस्पताल बनाउने उपयुक्त स्थान मणिपाल रहेकोले तत्काल तयारी प्रक्रिया अगाडी बढाउन निर्देशन दिनुभयो ।

प्रदेशमा कोभिड विशेष अस्पताल नहुँदा संक्रमितको उपचारमा समस्या हुँदै आएको छ । संक्रमितको व्यवस्थित तरिकाले उपचार गर्नको लागि तत्काल मणिपाललाई कोभिड विशेष अस्पतालको रुपमा परिणत गर्न सबै तयारी अगाडी बढाउनको लागि उनले निर्देशन दिएका हुन् ।

भएको जनशक्तिलाई व्यवस्थापन गर्दै थप जनशक्ति लोक सेवा आयोगको मार्फत थप गर्ने प्रक्रिया अघि बढाउने जानकारी मुख्यमन्त्री राउतले दिए ।

हाल प्रदेशका कोरोना संक्रमितको उपचार प्रादेशिक अस्पताल, जिल्ला अस्पतालहरुमा हुने गरेको छ । तर, त्यो दीर्घकालीन समाधान नरहेकोले तत्काल वैकल्पिक स्थलमध्ये मणिपाललाई कोभिड विशेष अस्पतालको रुपमा परिणत गर्ने निर्णय गरेको छ ।

कोभिड विशेष अस्पताल तयार गर्नको लागि आवश्यक श्रोतसाधन र जनशक्ती व्यवस्थापनको जिम्मा सम्बन्धित मन्त्रालयहरुलाई दिइएको छ ।

बैठकले कोरोना रोकथाम तथा नियन्त्रण कोषमा १० करोड रुपैयाँ थप गर्ने निर्णय गरेको छ । प्रदेश सरकारले २५ करोड रुपैयाँको कोष स्थापना गरेको थियो । रकमको आवश्यकत्ता महसुस गरेर १० करोड रुपैयाँ थप गर्ने निर्णय गरेको हो ।

कोरोनाको महामारी रोकथाम र नियन्त्रण गर्नको लागि प्रदेश सरकारले प्रयोगशाला र अस्पताल व्यवस्थापनमा जोड दिने निर्णय गरेको छ ।

आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र कुमार यादवले अब एक्सनमा आउनुपर्ने तर्क गरे ।

विगतको निर्णयहरुलाई कार्यान्वयन गरेर अघि बढनुपर्नेमा उनले जोड दिए । सामाजिक विकासमन्त्री नवलकिशोर साहले विगतको निर्णयहरु तत्काल कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

यसै साता मात्रै सम्पन्न भएको महामारी नियन्त्रणका लागि चाल्नुपर्ने कदमहरुबारे संकलित सुझावहरु बैठकमा प्रस्तुत गरिएको थियो ।

मुख्यन्यायाधिवक्ता दिपेन्द्र झाले आठै जिल्लामा मुख्य रुपमा पीसीआर संचालन र त्यसको व्यवस्थापनका लागि सुझाव दिएको बताए । वीरगंजमा थप पीसीआर र जनशक्तिको माग गरिएको छ भने अन्य जिल्लाहरुमा पीसीआरको व्यवस्थापन गर्न सुझाएको थियो ।

## मधेश अपडेट

### कपिलवस्तुका वरिष्ठ पत्रकारको निधन

कपिलवस्तु । कपिलवस्तुमा एकजना पत्रकारको कोरोना भाइरसको संक्रमणबाट मृत्यु भएको छ । कपिलवस्तुको तौलिहवामा रहेर पत्रकारिता गरिरहेका ६२ वर्षीय पुरुषको मृत्युको कारण कोरोना संक्रमण भएको स्वास्थ्य कार्यालय कपिलवस्तुका श्रोतव्यक्ति कुमार थापाले जानकारी दिए । उनका अनुसार मृत्यु भएका ती पत्रकारमा उच्च रक्तचाप, मधुमेह, मृगौलाको समस्या थिए । उनका २ छोरालाई कोरोना संक्रमण पुष्टि भएर उनीहरु घरमै आइसोलेशनमा बसिरहेका थिए । कोरोना संक्रमणको आशंका लागेर परीक्षण गरिएकोमा उनको रिपोर्ट पोजेटिभ आएको हो । मृत्युपश्चात स्वाब संकलन गरेर बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पतालमा परीक्षण गरिएकोमा उनको रिपोर्ट पोजेटिभ आएको हो । उनमा कसरी संक्रमण भयो भन्ने खुलेको छैन। उनका २ छोराले पीपीइ लगाएर उनको दाहसंस्कार गर्ने पारिवारिक श्रोतले जनाएको छ । नेपालमा कोरोना संक्रमणबाट मृत्यु हुने उनी पहिलो पत्रकार हुन् ।

### वीरगन्जमा भाद्र ३१ सम्म निषेधाज्ञा

वीरगन्ज । वीरगन्जमा भाद्र ३१ गतेसम्म निषेधाज्ञालाई निरन्तरता दिइएको छ । बिहीबार बसेको जिल्ला सुरक्षा समितिको बैठकले यही भदौ ३१ गतेसम्म निषेधाज्ञा जारी गरेको हो । प्रमुख जिल्ला अधिकारी आसमान तामाङको अध्यक्षतामा बसेको बैठकले वीरगञ्ज महानगरपालिका क्षेत्रभित्र लगाइएको निषेधाज्ञालाई निरन्तरता दिने निर्णय गरेको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ। वीरगन्जमा साउन १० गतेदेखि नै निषेधाज्ञा छ। साउन १९ गतेबाट पर्सा जिल्लाभर निषेधाज्ञा लगाइएको थियो। साउन ३१ गतेको निर्णयबाट सेना परिचालनसहित भदौ १३ गते बिहान ५ बजेसम्मका लागि निषेधाज्ञा लगाइएको थियो। भदौ १२ गतेको बैठकले जिल्लाभर लगाईएको निषेधाज्ञा वीरगञ्जमा मात्रै सिमित थियो। भदौ १९ गतेदेखि भने वीरगञ्जमा एकतर्फीरुपमा पसल सञ्चालन हुँदै आएको छ। भदौ १२ गते बसेको जिल्ला सुरक्षा समिति र संकट व्यवस्थापन केन्द्रको बैठकले भदौं १९ गतेबाट पसल खोल्न दिने निर्णय गरेको थियो। बिहीबार जारी सूचनामा पनि वीरगञ्ज महानगरपालिका क्षेत्रभित्र रहेका पसलहरु शनिबार बाहेक प्रत्येक दिन दिउँसो ११ बजेदेखि ४ बजेसम्म स्वास्थ्य सम्बन्धी मापदण्ड पालना हुने गरी र भिडभाड नहुने गरी सञ्चालन गर्न पाइने उल्लेख छ। तरकारी तथा फलफुल बिक्री वितरणको लागि रेल्वे रोडमा घण्टाघरदेखि २ सय मिटर स्कुलदेखि दक्षिणतर्फ एकतर्फी रुपमा मात्रै पसलहरु राख्ने, दुई पसलबीचको दुरी पसल बीचको दुरी कम्तिमा १५ फिट हुनुपर्ने, तोकिएको समय र स्थान बाहेक अन्य समय वा स्थानमा कुनै पनि प्रकारले पसल खोलेको, समान बेचेको वा भिडभाड गरेको पाइएमा कानुन बमोजिम कारबाही गर्ने चेतावनी प्रशासनले दिएको छ।

### रुपन्देहीमा निषेधाज्ञा २८ गतेसम्म

रुपन्देही । रुपन्देहीमा दैनिक सात घण्टा पसल-व्यवसाय सञ्चालन गर्न पाउने गरी २८ गतेसम्म निषेधाज्ञा खुकुलो बनाइएको छ । जिल्ला सुरक्षा समितिको निर्णय अनुसार जिल्ला प्रशासन कार्यालय रुपन्देहीले जिल्लाभर बिहान ११ बजेदेखि बेलुका ६ बजेसम्म पसल-व्यवसाय खोल्न पाउने गरी भदौ २८ गते राति १२ बजेसम्म निषेधाज्ञा आदेश जारी गरेको हो । उद्योगी-व्यवसायीका संगठनहरुले लकडाउन अवज्ञा गर्ने चेतावनी दिएपछि निषेधाज्ञा खुकुलो बनाइएको हो । प्रमुख जिल्ला अधिकारी माहादेव पन्थले जारी गरेको निषेधाज्ञा आदेशमा स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर दैनिक सात घण्टा पसल-व्यवसाय सञ्चालन गर्न पाइने उल्लेख छ । मुख्य राजमार्गबाहेक जिल्लाभर सार्वजनिक र निजी सवारी साधन सञ्चालन गर्न र सभा, सम्मेलन, प्रदर्शन आदि गर्न पाइने छैन । डिपार्टमेन्टल स्टोर, सपिङ मल, होटेल, रेष्टुराँ आदि पनि सञ्चालन गर्न पाइने छैन । सबै सरकारी कार्यालयहरु र बैंक तथा वित्तीय संस्थाहरुले भीडभाड नहुने गरी सुरक्षा मापदण्ड पालना गरेर सेवा प्रवाह गर्नसक्ने छन् ।

### प्रहरीको प्रतिवेदन परिवारले स्विकारेन

रौतहट । रौतहटमा पुजारी श्रीराम साहको हत्या आर्थिक लेनदेनका कारण भएको भन्ने प्रहरी प्रतिवेदन झूठ रहेको पीडित परिवारका सदस्यहरूले बताएका छन् । उनको परिवारका सदस्यहरुलाई उल्टै प्रहरीलाई प्रश्न गरेका छन्, 'पुजारी श्रीराम साह जो भिक्षा मागेर आफ्नो जीवन चलाइरहेका थिए, कसरी अरुलाई कर्जा दिन सके ?' उनका परिवारले प्रहरीको भनाई सरासर गलत रहेको उल्लेख गर्दै मृतक साहले कसैलाई उधारो नदिएको बताए । यसमा पुन: छानबिन गर्न पनि पीडित परिवारको माग रहेको छ । त्यस्तै २ दिन अघि पुजारीको हत्यारालाई बचाउन षड्यन्त्र गरेको आरोप लगाउदै स्थानीयले प्रदेश २ का मुख्यमन्त्री मोहम्मद लालबाबु राउतको कार्यक्रममा कालो झण्डा देखाएर विरोध गरेका थिए । भदौ ३ गते बेलुका खाना खाइरहेको बेला कन्चटमा गोली हानेर पुजारी श्रीराम साहको हत्या गरिएको थियो । आफ्नो नीजि जीवनप्रतिको स्वार्थ परित्याग गरी सन्त बनेर सामाजिक जीवन बिताइरहेका पुजारीको हत्या भएको भन्दै खेसरहियावासीसहित नागरिकले निष्पक्ष छानबिनको माग गर्दै आएका छन् ।

### अस्पतालका स्वास्थ्यकर्मी आन्दोलित

कैलाली । कैलालीको गोदावरी नगरपालिकामा रहेको मालाखेती अस्पतालका स्वास्थ्यकर्मी आन्दोलित भएका छन् । आवश्यक जनशक्ति व्यवस्थापन, २४ सै घण्टा फार्मेसी संचालन, अतिरिक्त भत्ता लगायतका ५ बुँदे माग राख्दै अस्पतालमा कार्यरत चिकित्सक तथा पारामेडिक्सहरू आन्दोलनमा उत्रिएका हुन् । आफूहरुले पटक-पटक नगरपालिकामा लिखित तथा मौखिक रुपमा मागहरु राखेको भए तापनि कुनै सुनुवाई नभएको भन्दै आन्दोलनमा उत्रिएको एक स्वास्थ्यकर्मीले बताए । उनीहरुले आफ्ना माग सम्बोधनका लागि विभिन्न दवावमुलक कार्यक्रम गरिसकेका छन् । जसअनुसार गत असार २४ गते नगरपालिका समक्ष उनीहरुले लिखित निवेदन दिएका थिए । अस्पताल अहिले गोदावरी नगरपालिकाको मातहतमा रहेको र अस्पताल व्यवस्थापन समितिका अध्यक्ष स्वयम् नगरप्रमुख रहेका छन् ।

### रौतहटमा निषेधाज्ञा थप

रौतहट । रौतहटमा भदौ मसान्तसम्मका लागि निषेधाज्ञा थप गरिएको छ । कोभिड १९ संकट व्यवस्थापन जिल्लास्तरीय समितिको बैठकले भदौ २२ गतेदेखि लागू हुनेगरी भदौ ३१ गतेसम्म जिल्लाभर निषेधाज्ञा जारी गरेको हो । गत भदौ १४ गते स्थानीय प्रशासनले जारी गरेको ७ दिने निषेधाज्ञाको अवधि आइतबार सकिँदैछ । जिल्लामा बढ्दो कोरोना भाइरसको संक्रमणले थप मानिसलाई संक्रमित बनाउने जोखिम उच्च रहेकाले निषेधाज्ञा जारी गरिएको रौतहटका प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले जानकारी दिए । यस अवधिमा सार्वजनिक तथा भाडाको गाडी चलाउन निषेध गरिएको छ भने अत्यावश्यक सवारीसाधन चलाउन पाइने छ । अत्यावश्यक तथा खाद्यान्न पसल स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर बिहान १० बजेदेखि अपरान्ह ४ बजेसम्म खोल्न पाइने छ । त्यसैगरी होटेल, रेस्टुरेन्ट जिमखाना, सैलुन , ब्युटीपार्लर , हाटबजार भने खोल्न नपाइने जिल्ला प्रशासन कार्यालय रौतहटले जारी गरेको सूचनामा उल्लेख रहेको छ ।

### किशोरीलाई जबरजस्ती गर्ने पक्राउ

रुपन्देही । १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी उद्योग गरेको अभियोगमा चर्वारी-६ हडसरी बस्ने १९ वर्षीय इसरार पठानलाई मंगलबर साँझ प्रहरीले पक्राउ गरेको छ । खेतमा घाँस काट्ने क्रममा ती किशोरीलाई जबरजस्ती करणी उद्योग गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी ठर्कीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### प्रदेश २ मा थप ५ संक्रमितको मृत्यु

जनकपुरधाम । प्रदेश २ मा कोरोना संक्रमणबाट ५ जनाको मृत्यु भएको छ । सर्लाहीको चक्रघट्टा गाउँपालिकामै कोरोना संक्रमणबाट एउटै वडाका २ जनाको मृत्यु भएको छ । कोरोनाबाट चक्रघट्टा गाउँपालिका ३ का ३५ पुरुष र ४० वर्षीय पुरुषको मृत्यु भएको हो । दुवैजनाको उपचारको क्रममा नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा मृत्यु भएको सामाजिक विकास मन्त्रालयका जनस्वास्थ्य प्रशासक विजय झाले जानकारी दिए । यस्तै सिरहामा कोरोना संक्रमणबाट दुईजनाको मृत्यु भएको छ । प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा सोमबार मिर्चैया नगरपालिका ६ का ६० वर्षीय पुरुषको मृत्यु भएको छ । सिरहाकै गोलबजार नगरपालिका ३ का ७७ वर्षीय पुरुष र पर्सा ५४ वर्षीय पुरुषको कोरोना संक्रमणबाटै मृत्यु भएको छ । यो सँगै प्रदेश २ मा कोरोनाबाट मृत्यु हुनेको संख्या १ सय ६ पुगेको छ । मृत्यु हुनेमा १६ जना महिला र ९० जना पुरुष छन् । हालसम्म सबभन्दा बढी पर्सा जिल्लाका ३९ जना, बाराका १५ जना, धनुषा जिल्लाका १२ जना, महोत्तरीका ११ जना, सिरहाका १० जना, सप्तरीका ८ जना, सार्लाही र रौतहटका ५/५ र एक भारतीय नागरिकको कोरोना संक्रमणबाट मृत्यु भइसकेको छ ।

16-22, Madheshvani, Bhadra-26, 2077.pmd 4 9/11/2020, 1:46 PM

# देशलाई जानी–जानी संकटतर्फ नधकेलौं



**गगन थापा**

काठमाडौं उपत्यकाका प्र.जि.अ. हरूले कसैले दशैंसम्म निषेधाज्ञा जारी राख्नुपर्ने र कसैले नाकामा सेना परिचालन गर्नुपर्ने जस्ता धारणा दिएको कुरा सञ्चार माध्यममा आइरहेको छ। सिडियोहरुले के को आधारमा यो धारणा दिदै हुनुहुन्छ ? सरकारले जिल्ला स्तरमा निषेधाज्ञा जारी गर्ने जिम्मेवारी जिल्ला प्रशासन कार्यलयलाई सुम्पिएकाले सिडियोहरूले पनि यस विषयको जानकार र निर्णय गर्ने आफूनै हो भन्ने ठानेर धारणा राख्नु भएको होला। तर प्र.जि.अ.हरूले प्रस्तुत गर्नु भएको धारणा र सरकारले सबै जिम्मेवारी प्र.जि.अ.हरु लाई दिएको वर्तमान अवस्थामा, जिल्ला प्रशासनले जारी गर्दै गरेको अहिलेको निषेधाज्ञाका सन्दर्भमा भने अब गम्भिर भएर छलफल र प्रश्न उठाउन आवश्यक छ। जिल्ला प्रशासनको विज्ञता शान्ति सुरक्षा कायम गर्न जारी गर्ने निषेधाज्ञामा हो। अहिले जारी गरिएको निषेधाज्ञा शान्ति सुरक्षा कायम गर्नका लागि गरिएको होईन। अहिलेको अवस्था जनस्वास्थ्यसंग जोडिएको विषय हो। फेरी जिल्ला प्रशासन र प्र.जि.अ.हरूको विषयगत विशेषज्ञता जनस्वास्थ्यको विषयमा पक्कै होईन। जनस्वास्थ्यको दृष्टिले निषेधाज्ञा आवश्यक देखिए सो को कार्यान्वयनका लागि जिल्ला प्रशासन र प्र.जि.अ. लाई गुहार्नु पर्ने हो। तर जनस्वास्थ्यको विषयलाई नजरअन्दाज गरेर निषेधाज्ञा जस्तो संवेदनशिल विषय कार्यान्वयन गर्ने निकायलाई नै सबै निर्णय गर्ने जिम्मेवारी पनि थोपेर राजनीतिक नेतृतव जसरी पन्छिन खोजेको छ यो दुर्भाग्यपूर्ण छ। यसले महामारी विरुद्धको यो लडाईलाई झन् कमजोर बनाउँछ।

आजको दिनमा कोरोना महामारीका सन्दर्भमा सरकारको उपस्थिति केवल दुई स्थानमा भेटिन्छ। पहिलो निषेधाज्ञा घोषणा गर्ने प्र.जि.अ. को रुपमा र दोस्रो साँझ ४ बजे कोरोना सम्बन्धी आँकाडा पढ्ने स्वास्थ्य मन्त्रालयका प्रवक्ताको रुपमा। कर्मचारीको अनुहार पछाडि लुकेको देशको राजनीतिक नेतृत्व बालुवाटारमा आईसोलेसनमा छ। संसद बन्द गरिएको छ, सरकार एक शब्द बोल्दैन, आम(नागरिक र जन( प्रतिनिधिको कुरा सरकारसम्म पुर्‍याउने सब माध्यम बन्द छन्, अनि प्र.जि.अ. को घोषणा र प्रवक्ताको अनुहार हेरेर हामीले सरकार पनि छ है भनेर मान्नु पर्ने ?

केही अघि प्रधानमन्त्रीलाई सार्बजनिक रुपमा गरेको ध्यानाकर्षणमा भनेको थियौं "काठमाडौं उपत्यका लगायत केही हटस्पटहरूमा २ हप्ता कडाई गरौं, तर यो अवधिमा जनतालाई घरमा राखेर सरकार नसुतोस् । संभाव्य जोखिम आंकलन गरेर युद्धस्तरमा अस्पताल केन्द्रीत लगायत सम्पूर्ण तयारी यसै समयमा गरेर , २ हप्तापछि जनजिवन सहज वनाउन सक्नेगरी गर्नुपर्ने काम यो अवधिमा गर्नुपर्छ। कठिन अवस्थाको सामना गर्न जनतालाई सहायता प्याकेजको व्यवस्था गरियोस्। यसो नगरेर एकोहोरो 'घर वास( सुरक्षित वास' भनेर मात्र हुँदैन।" तर, अफसोच तीन हप्ता पुगिसक्यो त्यस्तो गर्नुभएन।

अब त हुँदा हुँदा सरकारले रोग र भोक बाट आहत नागरिकलाई सिडियो र प्रवक्ताको भरमा छोड्दिन थालेको छ, यो रोकियोस्। सिडियो र प्रवक्ताको पछाडी लुकेर बसेको राजनीतिक नेतृत्व दुलोबाट निस्केर नागरिकसंग संवाद गर्ने हिम्मत गरोस्। अनेकन समस्याका बावजुद सिडियोको आदेश मानेर आम नागरिक घर भित्र बसिरहँदा, सरकार के गर्दै थियो त्यो बताओस्। स्वास्थ्यको क्षेत्रमा के के तयारी भयो ? संक्रमितको संख्या थपिँदा उपचार गर्न सक्ने क्षमता कति बढ्यो? काम नै नगरिरहेको रेस्पोन्स सिष्टमलाई कहाँ कहाँ बदलियो ? के-के गर्दै जाने योजना छ ? लकडाउन/निषेधाज्ञा कसरी उपयोग गर्ने सोचेको वा लकडाउन गरिरहने सोच हो ?

सरकार, हामीलाई बताउ कि, तिम्रो आदेश मानिरहँदा चुलो बन्द भएकाहरुको पेटको आगो निभाउन तिम्रा के(के योजना छन् ? बहाल तिर्न नसकेर बेघर भएकाहरुलाई छानो दिन तिमी के(के गर्दै छौ, र कहिले सम्म गर्दै छौ ? बाध्य भएर रोजारीबाट बेदखल भएका बेरोजगारहरुलाई फेरी रोजगारीमा फर्काउन तिम्रा योजना के(के छन् ? आथाह परिश्रमबाट अलि अलि गरेर तङ्गिएका स(साना व्यपार र व्यवसाय थला परेर जिवन भरीको पूंजी एन निमेषमा निमिट्यान्न भइरहँदा, त्यस्ता व्यपार र व्यवसायलाई आड र भरोस दिने तिम्रा कार्यक्रम के(के हुन् ? रोगको भन्दा पनि भोकको पिरले मल खोज्न लामबद्ध हजारौं किसानका लागि ५ किलो मलको पनि समयमा जोहो गर्न नसकेको सरकारले ति किसानका लागि के के गर्‍यो, के गर्दैछ? स्वदेशमै केही गर्न सकिन्छ कि भनेर हजारौं माइलको कष्टकर यात्रा गरेर आएर पनि फेरी कुनै उपाय नभएर फर्कदै गरेका श्रमिक रोक्ने योजना के छन? यातायात मजदुरदेखि दैनिक ज्यालादारीमा काम गर्नेसम्म, विभन्न पेसा व्यवसायमा लागेर महामारीकै कारण चुलो निभेकाहरूका लागि सरकारले के सोचेको छ? दिनहूँ औषधि खाएर प्राण धान्नुपर्ने दीर्घरोगीदेखि नियमित स्वास्थ्य उपचार पाउन नसकेर मृत्युको मुखमा पुग्न वाध्य अनि गर्भवती महिला, वालवालिकाहरूका बारेमा के सोँच छ? जीवन जिउनका लागि अन्य कुनै उपाय नदेखेर आत्महत्या गर्न विवश हजारौं अनि नैराश्यता र उच्च मानसिक तनावमा बाँचिरहेका लाखौं नागरिकको अबस्था कसरी संवोधन गर्छौ ?

यो सबै विषयमा राजनीतिक नेतृत्व नबोल्ने नै हो, आफ्ना कर्मचारीको अनुहार देखाएर काम चल्छ भन्ने लागेको हो र सिडियोको मुखबाट निषेधाज्ञाको आदेश र स्वास्थ्य मन्त्रालयको प्रवक्ताको मुखबाट कोरोना(अपडेट सुनाएर समाधान हुन्छ भन्ने सोचमा सरकार हो भने, प्रधानमन्त्रीज्यू, आम नेपालीको धैर्यताको बाँध कुनैपनि बेला फुट्नसक्छ। कृपया नागरिकको धैर्यताको जाँच नगर्नुहोस्। कर्मचारीको काँधमा बन्दुक राखेर निषेधाज्ञाको गोली मात्रै जनतातर्फ नबर्साउनुहोस्। यस्तै चलिरहने हो भने, नागरिकले सरकारको कुरा सुन्न छाड्नेछन्। कोरोनाको अहिलेको अवस्थामा नागरिकले सरकारको कुरा सुन्न छाडे भने देश ठूलो संकटमा फस्नेछ। देशलाई जानी जानी त्यस्तो संकटतर्फ नधकलौं। सरकारको अकर्मण्यता र गैर जिम्मेवारी प्रवृत्तीबाट कुनै संकट उत्पन्न नहोस् भन्ने चाहना सबैको हो। सरकार र राजनीतिक नेतृत्वमा जिम्मेवारी बोध र ईमानदारिता हुने हो भने अझै बिग्रेको छैन।

# जन्मोत्सवको अवसरमा एसिडपीडित बालिका मुस्कान खातुनलाई आर्थिक सहयोग

काठमाडौं। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का स्थायी कमिटी सदस्य तथा संकृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराई आफ्नो जन्मदिनको अवसरमा एसिड पिडित बालिका मुस्कान खातुनलाई आर्थिक सहयोग गरेका छन्।

गत वर्षको भाद्र २० गते घरबाट विद्यालय जाँदै गर्दा वीरगञ्जमा खातुनमाथि दुई युवाले एसिड प्रहार गरेका थिए। एसिड प्रहारबाट घाइते उनको अहिले पनि उपचार चलिरहेको छ।

नौ कक्षामा अध्ययनरत खातुनलाई अध्ययन खर्चमा सहयोग पुगोस् भनेर मन्त्री भट्टराईले ५० हजार नगद प्रदान गरेका छन्। सहयोग रकम प्रदान गर्दै मन्त्री भट्टराइले खातुनको आत्मविश्वासबाट आफू धेरै प्रभावित बनेको बताए।

उनले भने-'मलाई विश्वास छ, तपाई भविष्यमा डाक्टर बन्नुहुनेछ। मैले अहिले दिएको सहयोग बैंकमा जम्मा गरेर भोली डाक्टर पढ्ने बेलामा खर्च गर्नुहोला।'

उनले एसिड पिडित बालिका खातुनसँग अप्ठेरो बेलामा मात्र नभएर सजिलो बेला पनि जीन्दगीभर सम्बन्ध रहिरहने बताए। पीडित बालिकालाईाई प्रधानमन्त्री केपी शर्मा ओलीले पनि केहि दिन अघि बालुवाटारमा बोलाएर उनको शिक्षाको सबै प्रबन्ध गरिने बचन दिएका थिए।



जन्मदिनमा भोजभतेरमा गरिने खर्चले कुनै अर्थ नराख्ने भएकाले उक्त रकमलाई मन्त्री भट्टराइले सामाजिक र परोपकारी काममा प्रयोग गर्दै आएका छन्।

०७२ सालदेखि मन्त्री भट्टराईले नियमितरुपमा आफ्नो जन्मदिनमा असहाय, पिडित, विपन्न बालबालिकालाई सहयोग गर्दै आएका छन्। ०७२ को महाभूकम्पमा बाबु गुमाएका काठमाडौं मनमैजुका बालक विराज अधिकारीलाई सहयोग गरेर यो खालको कामको शुरुवात गरेका मन्त्री भट्टराइले ०७३ सालको जन्मदिनमा बाबु आमाले लिएको ऋण तिर्न नसकेपछि गोठालो बेसका दोर्जी शेर्पालाई उद्धार गरी काठमाडौं ल्याएर पढनपाठनको व्यवस्था मिलाका थिए।

०७४ को जन्मदिनमा दुवै भल्भ फेर्नुपर्ने समस्याबाट पिडित मुटुरोगी ताप्लेजुङका मिलन शेर्पाको उपचारमा सहयोग गरेका थिए।

०७५ को जन्मदिनमा ताप्लेजुङका विपन्न दुई बालक गंगा विक र कमल विकलाई अध्ययन खर्चस्वरुप नगद सहयोग प्रदान गरेका थिए।

गत वर्षको जन्मदिनमा मन्त्री भट्टराईले पढाइ लेखाईमा अप्ठेरोमा परेका दृष्टिविहिन आमाबुबाका सन्तान ताप्लेजुङका समीर राईलाई सहयोग गरेका थिए।

# प्रदेश १ मा ८६ संक्रमित थपिए

विराटनगर। प्रदेश १ मा बिहीबार ८६ जना कोरोना संक्रमित थपिएका छन्। सुनसरीमा २३, संखुवासभामा २२, मोरङमा १६, झापामा १२, पाँचथरमा ४, भोजपुरमा ३, उदयपुर, इलाम र प्रदेश १ बाहिरका २-२ जना रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ। सुनसरीको इटहरीमा ८ महिला ६ पुरुष, दुहवीमा १ महिला ३ पुरुष, बराहक्षेत्रमा ३ पुरुष, धरान र बर्जुमा १-१ पुरुष, संखुवासभाको खाँदबारीमा २० पुरुष, सिलिचोङमा १ पुरुष, चिलिलामा १ महिला, मोरङको विराटनगरमा २ महिला ४ पुरुष, रतुवामाईमा ३ महिला २ पुरुष, पथरीशनिश्चरेमा १ महिला १ पुरुष, कटहरी र सुनबर्षीमा १-१ पुरुष र रंगेलीमा १ महिलाको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ।

उता झापाको शिवसताक्षीमा २ महिला ५ पुरुष, कमल गाउँपालिका र बाह्रदशीमा १-१ पुरुष, दमकमा १ महिला र स्थानीय तह नखुलेका २ पुरुष, पाँचथरको फिदिममा २ पुरुष, मिक्लाजुङमा १ पुरुष, फालेलुङमा १ महिला, भोजपुरको ट्याम्केमैयुङ, भोजपुर र षडानन्दमा १-१ पुरुष, उदयपुरको त्रियुगामा २ पुरुष, इलामको चुलाचुलीमा १ महिला १ पुरुष र प्रदेश १ बाहिरका १ महिला १ पुरुषमा संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ। प्रदेश १ मा कोरोना संक्रमितको संख्या ४ हजार ४९८ पुगेको छ। प्रदेश १ मा बिहीबार ५ जना डिस्चार्ज भएका छन्। हाल सम्म डिस्चार्ज हुनेको संख्या १ हजार ९५३ पुगेको छ।

## संक्षिप्त समाचार

### मधेशी डक्टर्स एसोसिएसनलाई विस्तार गरिने

काठमाडौं। मधेशी स्वास्थ्यकर्मीहरुको संगठन मधेशी डक्टर्स एसोसिएसनलाई नेपालको ७७ वटै जिल्लामा विस्तार गरिने भएको छ। संघीय संरचनाअनुसार वृहत् रुपमा ससदस्य बनाउने, सबै जिल्लामा कमिटी गठन गर्ने तथा प्रादेशिक समितिहरु निर्माण गरिने एसोसिएसनका संयोजक डा.एकानन्द सिंह र प्रवक्ता विनय कुमार पञ्जियारद्वारा जारी विज्ञप्तिमा भनिएको छ। मधेशी डक्टर्स एसोसिएसनको उद्देश्य पूर्तिका निम्ति र सफलतापूर्वक सम्पन्न गर्न सम्पूर्ण जिम्मेवारी सह-प्राध्यापक डा. अजय कुमार मिश्रलाई दिइएको छ। लोकतन्त्र, संघीयता, समावेशिताको जगेर्ना र सुदृढ चिकित्सा क्षेत्रको स्थापना नै मधेशी डक्टर्स एसोसिएसनको उद्देश्य रहेको जनाइएको छ। आमजनताको बलिदानीबाट स्थापित आरक्षण, कर्मचारीतन्त्रमा समावेशिता जस्ता गहन विषयलाई राज्यले ओझेलमा पार्न खोजेको आरोप एसोसिएसनको छ।

### भारतमा ३ नेपाली चेलीको उद्धार

काठमाडौं। कोरोना भाइरस महामारीबीच १० महिनादेखि बन्धक ३ नेपाली चेलीको भारतबाट उद्धार गरिएको छ। आफन्त नेपाल संस्थाको पहलमा बेचबिखन हुन लागेका एक बालिकासहित ३ नेपाली चेलीलाई उद्धार गरिएको हो। नवलपरासी पश्चिमस्थित आफन्त नेपाल महेशपुर शाखाले नेपाल र भारतीय प्रहरी तथा स्थानीय जनप्रतिनिधिको सहयोगमा भारतको महाराजगञ्जस्थित एक आर्केष्टा कम्पनीबाट ती नेपाली चेलीहरुलाई उद्धार गरी नवलपरासी ल्याएको हो। चितवनका २२, १७ र ४ वर्षका ती चेलीलाई उद्धार गरी सुरक्षित रुपमा नेपाल ल्याइएको संस्थाकी शाखा प्रमुख पद्मा आचार्यले जानकारी दिए। जागिर तथा विवाहको प्रलोभनमा परी उनीहरु भारत पुगेका थिए। त्यहाँ पुगेको केही महिनापछि आर्केष्टा कम्पनीका मालिकले आफूहरुलाई बेचबिखन गर्न लागेको थाहा पाएपछि प्रतिकार गरी परिवारलाई जानकारी गराएको उद्धार गरिएका युवतीले बताएका छन्।

### रुपन्देहीमा कोरोनाका कारण तीनको मृत्यु

बुटवल। कोरोना भाइरस (कोभिड-१९) को संक्रमण रुपन्देहीमा शुक्रबार थप दुईजनाको मृत्यु भएको छ। बुटवलको गौतमबुद्ध मुटु अस्पतालमा उपचाररत सिद्धार्थनगर नगरपालिका वडा नं.७ कि ६४ वर्षीया महिलाको मृत्यु भएको हो। यसैगरी, सिद्धार्थनगर नगरपालिका वडा नं ८ का ४५ बर्षका पुरुषको होम आइसोलेसनमै मृत्यु भएको छ। उनी मिर्गौलाका बिरामी पनि थिए र शुक्रबार डायलासिस गराउन अस्पताल ल्याउने तयारी गरिरहँदा उनको घरमै मृत्यु भएको हो। अहिलेसम्म रुपन्देहीमा कोरोना संक्रमणबाट १४ जनाको मृत्यु भएको जनाइएको छ। शुक्रबार बिहान नै बुटवलको कोरोना अस्पतालमा बुटवल उपमहानगरपालिका वडा नं ८ का ७८ वर्षका पुरुषको मृत्यु भएको थियो। संक्रमित पुरुषमा मधुमेह र उच्च रक्तचापको समस्या रहेको थियो।

### फरार प्रतिवादी १६ वर्षपछि पक्राउ

कैलाली। डाँका चोरी मुद्दाका फरार प्रतिवादी गौरिगंगा नगरपालिका-२ बस्ने ५६ वर्षीय श्याम चौधरी र सोही ठाँउ बस्ने ५० वर्षीय फुलपाती चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। उनीहरुलाई २०६६ असार २ गतेको जिल्ला अदालत कैलालीको फैसलाले ६ वर्ष कैद र ४ चार हजार १ सय ४७ रुपैयाँ पैंसट्ठी पैसा जरिवाना ठहर भई फरार रहेका थिए। जिल्ला अदालत कैलालीको फैसला पुनरावेदन अदालत दिपायलबाट समेत सदर भएको थियो। गौरिगंगा नगरपालिका-२ स्थित स्थानीयको घरमा २०५८ साल माघ ४ गते राति हातहतियार सहित आएको समूहले नगद तथा धनमाल डाँका चोरी गरी फरार भएको घटनामा संलग्न उनीहरुलाई तत्कालै पक्राउ गरी सम्पूर्ण अनुसन्धान कार्य पश्चात कैलाली जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि कारागार कार्यालय कैलालीमा पठाएकोमा २०६१ साल माघ २७ गते कैलाली कारागारबाट भागी फरार भएका थिए। उनीहरुलाई आवश्यक कारवाहीका लागि जिल्ला अदालत कैलाली पठाइएको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ।

### प्रहरीमाथि अभद्र व्यवहार गर्ने पक्राउ

कैलाली। बर्दगोरिया गाउँपालिका-१ बौनिया बजारबाट प्रहरीलाई माथि अभद्र व्यवहार गरेको अभियोगमा २ जनालाई बिहीबार बेलुका प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा बर्दगोरिया गाउँपालिका-२ बस्ने ३० वर्षीय को रमित साउद र लम्कीचुवा नगरपालिका-१० बस्ने ३६ वर्षीय दुर्योधन सुनार रहेका छन्। उक्त स्थानमा मादक पदार्थ सेवन गरी होहल्ला गरिरहेको अवस्थामा फेला पारी ईलाका प्रहरी कार्यालय सडकपुरमा ल्याई सम्झाई बुझाई गर्दा उनीहरूले प्रहरीमाथि गाली गलौज तथा हातपात समेत गरी अभद्र व्यवहार गरेपछि उनीहरूलाई पक्राउ गरिएको हो।

### कोरोना संक्रमणबाट एक वृद्धको मृत्यु

वीरगन्ज। कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट वीरगन्जमा एक वृद्धको मृत्यु भएको छ। पकाहामैनपुर गाउँपालिका-२ पर्साका ७५ वर्षीय वृद्धको अस्थायी कोभिड अस्पताल गण्डकमा उपचारको क्रममा शुक्रबार राति मृत्यु भएको हो। कोरोना संक्रमण पुष्टि भएपछि उनलाई भदौ ५ गते अस्थायी कोभिड अस्पताल गन्डकमा भर्ना गरिएको थियो। उनको फोक्सोको दुवैतर्फ कडा कोभिड निमोनिया देखिएको थियो। योसँगै वीरगन्जमा कोरोना संक्रमणका कारण मृत्यु हुनेको संख्या ५६ पुगेको छ।

### नियन्त्रित लागूऔषधसहित चार जना पक्राउ

मोरङ। विराटनगर महानगरपालिका-१६ दरैयाबाट नियन्त्रित लागूऔषध ४ बोतल डाइलेक्स डिसीसहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा बिराटनगर महानगरपालिका-११ बस्ने ४९ वर्षीय जय गुरुङ, २५ वर्षीय छोटु पासवान, सोही महानगरपालिका-४ बस्ने ३० वर्षीय सरफराज आलम र २८ वर्षीय मिन्टु हुसेन रहेका छन्। ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरीले को.२४ प ७८३ र स.९ प ४५११ नम्बरका दुई मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरुलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

### विभिन्न मुद्दाका फरार प्रतिवादीहरू पक्राउ

कैलाली। जिल्ला अदालत कैलालीको विभिन्न मितिको फैसलाले वन मुद्दाका फरार ४ जना प्रतिवादीहरुलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा धनगढी उपमहानगरपालिका-११ बस्ने ३३ वर्षीय केवल राना, जोशीपुर गाउँपालिका-२ बस्नेहरु ३० वर्षीय ईश्वर डगौरा, ४१ वर्षीय कृष्ण प्रसाद डगौरा र ५८ वर्षीय हरि कुमाल डगौरा रहेका छन्। उनीहरूमध्ये केवल राना उपर जिल्ला अदालत कैलालीको २०७१ पुस १३ गतेको फैसलाले ६१ हजार ८ सय ४० रुपैयाँ जरिवाना तथा अन्य ३ जना उपर २०७२ जेठ २१ गतेको फैसलाले जनही ६७ हजार ८ सय ३४ रुपैयाँ जरिवाना ठहर भएको थियो। यसैगरी जिल्ला अदालत कैलालीको २०७२ जेठ १० गतेको फैसलाले चोरी मुद्दामा १ लाख ३० हजार जरिवाना ठहर भई फरार रहेका प्रतिवादी भजनी नगरपालिका-३ बस्ने शुभम अग्रवाललाई बिहीबार प्रहरीले पक्राउ गरेको छ।

### करेन्ट लागेर बालिकाको मृत्यु

रौतहट। चन्द्रपुर नगरपालिका-१० श्रीनगरखोर बस्ने लक्ष्मी नारायण महतोकी छोरी ९ वर्षीया प्रियंका कुमारी महतोको करेन्ट लागेर शनिबार मृत्यु भएको छ। खेतमा घाँस काट्ने क्रममा छिमेकीले आफ्नो खेतमा पानी लगाउन जडान गरेको मोटरको तारबाट करेन्ट लाग्दा उनको घट्नास्थलमा मृत्यु भएको हो।

### करेन्ट लागेर एकको मृत्यु

बाँके। कोहलपुर नगरपालिका-८ रझेना बस्ने ३५ वर्षीय जलीराम चौधरीको करेन्ट लागेर सोमबार राति मृत्यु भएको छ। सोही ठाउँस्थित जेठानको घरमा बस्दै आएका उनको सोही घरको धाराको मोटरबाट तार सर्ट भई च्यानल गेटमा छुन गई करेन्ट लागेको थियो। करेन्ट लागेर गम्भीर घाइते भएका उनलाई उपचारका लागि मेडिकल कलेज कोहलपुरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो।

### डुबेर एकको मृत्यु

बाँके। खजुरा गाउँपालिका(४ निमपुर बस्ने अन्दाजी ५५ वर्षीय रामावती चमारको सोही ठाउँस्थित माछा पोखरीमा डुबेर शनिबरा मृत्यु भएको छ। यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# पुजारी हत्या प्रकरणमा प्रहरीले गलत प्रतिवेदन दिएको भन्दै प्रभु साहको आपत्ति



रौतहट, २१ भाद्र । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता तथा सांसद प्रभु साहले रौतहटमा हत्या भएको पुजारी श्रीराम साहको प्रकरणमा प्रहरीले गलत प्रतिवेदन पेश गरेको भन्दै आपत्ति जनाएका छन् । आइतबार सामाजिक संजाल फेसबूक मार्फत सांसद साहले गलत अनुसन्धान रिपोर्ट गरेकोले संलग्न प्रहरीलाई निलम्बन गरी पुनः छानबिन गर्न माग गरेका हुन् । गरुडामा भएको निरन्जन रामको हत्यापछि हिरासतमा विजय रामको हत्या भएपछि विवादित भएको प्रहरीले पुनः अर्को पुजारी हत्यामा पनि यस्तै पर्दा हाल्न खोजेको उनको आरोप छ ।

प्रदेश प्रहरी कार्यालयले आर्थिक लेनदेनका कारण पुजारीको हत्या भएको भनी प्रतिवेदन सार्वजनिक गरेको थियो । पुजारीका परिवारका सदस्य उनको कुनै आर्थिक लेनदेन नरहेको भनी शनिवार संचारकर्मीहरु समक्ष दुखेसो पोखेका थिए । यता हिरासतमा रहेका रामनरेश पटेल र वालकुमार पटेलका परिवारले पनि आफुहरुको कुनै किसिमको आर्थिक कारोबार नरहेको स्पष्ट पारिसकेका छन् । सांसद साहले उक्त घटनालाई मोडेर वास्तविक घटना र अपराधीलाई लुकाउने प्रयास गरिएकोले निष्पक्ष छानबिन गर्न गृह मन्त्रालयको ध्यानाकर्षण गराएका छन् ।

'गरुडा 'निरन्जन राम' हत्याको अनुसन्धानमा रौतहट प्रहरीको गलत भुमिकाको कारणले विजय रामको मृत्यु भएको चर्चा सेलाउन नपाउदै फेरि 'पुजारी हत्याकाण्ड' मा पनि प्रहरीको भुमिका माथि गम्भिर प्रश्न उठन थालेको छ । पुजारी हत्याकाण्डमा नेपाल प्रहरीले गरेको गहिरो छानबिन एवं अनुसंधानको हवाला दिंदै प्रदेश प्रहरी कार्यालयले पुजारीको हत्या लेनदेनको कारण भएको लिखित प्रतिवेदन सार्वजनिक गऱ्यो' उनले लेखेका छन 'जब कि वहाँहरूको बीचमा कुनै लेनदेन नै भएको थिएन । जसको खण्डन दुई पक्ष अर्थात् पुजारीको परिवार र प्रतिवादीको बुवाले गरिसकेका छन । वहाँहरूले हाम्रो बिचमा कुनै लेनदेन र झै-झगडा समेत नरहेको बताईरहेको अवस्थामा प्रहरीको उक्त प्रतिवेदन माथी कसरी बिश्वास गर्ने ?'

'यहाँ त घटनालाई मोडेर वास्तविक घटना र अपराधीलाई लुकाउने प्रयास गरिएको स्पष्ट हुन्छ । कुनै पनि घटनाको निष्पक्ष छानबिन गरि "दुधको दुध पानीको पानी" बाहिर ल्याउनु प्रहरीको कर्तव्य हो तर यसरी दिन दहाडै रातलाई दिन बताउने प्रहरीको कार्यलाई किमार्थ सही मान्न सकिन्न' उनी थप्छन् ।

'यसर्थ यस घटनाको अनुसंधानमा संलग्न प्रहरी अधिकृत एवं प्रतिवेदन सार्वजनिक गर्ने पदाधिकारीहरुलाई तुरन्त निलम्बन गरि घटनाको पुनः छानबिन गर्न जरूरी छ । यसप्रति नेपाल सरकार गृह मन्त्रालयको गम्भिर ध्यानाकर्षण होस ।'

माधवनारायण नगरपालिकाको खेसरहियामा हनुमान मन्दिरको पुजारी श्रीराम साहको भदौ ३ गते बेलुका खाना खाइरहेको बेला कन्चटमा गोली हानेर हत्या गरिएको थियो । घटनामा संलग्न मुख्य अपराधीलाई जोगाउन षड्यन्त्र भएको भन्दै चौतर्फी आलोचना हुँदै आएको छ ।

# रक्सौल-काठमाडौं रेलमार्गको अध्ययन गर्न अनुमति माग

काठमाडौं । भारतले नेपालबाट कुनै ढिलाइ नगरी रक्सौल-काठमाडौं रेल लिंकको विस्तृत अध्ययन गर्न अनुमति माग गरेको छ ।

काठमाडौंस्थित भारतीय दूतावासले नेपाल सरकारलाई पठाएको प्रस्तावले यस रेल लिंकको अध्ययन गर्ने क्रममा कोभिड-१९ का कारण स्वास्थ्य र सुरक्षा प्रोटोकल अनुसरण गर्ने प्रतिबद्धतासमेत गरेको छ । मुम्बईको नभीमा मुख्यालयले भएको भारतको सरकारी कोंकण रेलवे निगमले उक्त परियोजनाको विस्तृत अध्ययन गर्नेछ ।

'हामीले आउन भन्नेबित्तिकै भारतीय टोली अध्ययनका लागि नेपाल आउन तयार छ । उनीहरूले अध्ययनका लागि आउँदा चाहिने आवश्यक मेसिनरी र अन्य सामग्रीको विवरण पनि पठाएका छन् । हामीले नेपाल आउने टोलीलाई आफ्नो विवरणसहितको सूची पठाउनसमेत भनेका छौं,' रेल मन्त्रालयका महानिर्देशक बलराम मिश्रले भने ।

'कोभिड-१९ संक्रमणको जोखिम रहेकाले अहिलेको अवस्था अनुकूल छैन । विकराल अवस्थाको बाबजुद पनि भारतीय पक्ष अध्ययन गर्न तयार छ । उनीहरूले हामीलाई अनुरोध गरेको ढाँचामा एक साताभित्र विवरण पठाउँछन्,' मिश्रले थपे ।

प्राप्त विवरणहरू भौतिक पूर्वाधार र यातायात मन्त्रालयमा पठाइने र त्यसपछि यो गृह मन्त्रालय र त्यसपछि कोभिड १९ क्राइसिस म्यानेजमेन्ट कमिटी ( सीसीएमसी) मा पठाइएपछि उनीहरुलाई आउने-नआउने भन्ने विषयमा अन्तिम निर्णय हुने नेपालतर्फबाट जवाफ पठाइएको छ । भारतको तर्फबाट रेलमार्ग सञ्चालनमा छ र रक्सौलको सुख्खा बन्दरगाहसम्म पुगेको छ र भारतले यसलाई नेपालको राजधानी काठमाडौंमा जोड्ने योजना बनाएको छ । यो बाराको जितपुर भएर निजगढको प्रस्तावित दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको छेउबाट चल्नेछ ।

रेल लाइनको कुल लम्बाइ १३६ किलोमिटर हुन अपेक्षित छ । जसमध्ये ४२ किलोमिटर सुरुङमार्ग भएर पार हुनेछ। यसको लागत करिब तीन खर्ब नेपाली रुपैयाँ लाग्ने अनुमान छ ।

सन् २०१८ मा काठमाडौंमा सम्पन्न चौथो बिम्सटेक शिखर सम्मेलनमा नेपाल र भारतले काठमाडौं-रक्सौल रेल लिंकको सम्भाव्यता अध्ययन गर्ने सम्झौतामा हस्ताक्षर गरेका थिए । यस आयोजनाको लगानी मोडेललाई अन्तिम रूप दिइएको छैन ।

# नेपाल-भारत व्यापार सम्झौताले सहज

काठमाडौं । नेपाल-भारत उद्योग वाणिज्य संघले नेपाल-भारतबीचका व्यापार सम्झौताहरूले व्यापारमा सहजीकरण भएको बताएको छ। वाणिज्य संघ र नेपालका सञ्चारमाध्यमबीच वेबिनारमार्फत भएको दुईदेशीय व्यापार सम्बन्धबारेको कार्यक्रममा संघकी अध्यक्ष सृजना राणाले नेपाल-भारत व्यापारिक सम्बन्धका विविध पक्षबारे भएका प्रयास तथा कार्यबारे विशेष प्रस्तुतीकरण दिएकी थिइन् । वेबिनारमा संघले आफ्नो वार्षिक कार्यक्रमअन्तर्गत तय भएका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका कार्यक्रम तथा नेपाल-भारतबीच व्यापार, वाणिज्य, पारवहन, भन्सार, वैदेशिक लगानी, रेल सेवा सम्झौतामा गरिनुपर्ने आमूल परिवर्तन र यसअन्तर्गत विभिन्न समस्याबारे चर्चा भएको थियो ।


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


## स्थानीय सम्वाद

# चुनौती हुँदाहुँदै पनि हामी विचलित भएका छैनौं



**रामचन्द्र चौधरी**
**मेयर, चन्द्रपुर नगरपालिका, रौतहट**

**० चन्द्रपुर नगरपालिकामा कोरोना रोकथाम कसरी गर्दै हुनुहुन्छ ?**

– नेपालमा कोरोनाका कारण चैत ११ गतेबाट लकडाउन सुरु भयो । त्यसपछि हामीले एक सय बेडको क्वारेन्टाइन निर्माण गऱ्यौं । चार वटा नगरपालिका मिलेर सो क्वारेन्टाइन बनायो र त्यसको अगुवाई चन्द्रपुर नगरपालिकाले गऱ्यो । गुजरा नगरपालिका, गढीमाई नगरपालिका र चन्द्रपुर नगरपालिका मिलेर क्वारेन्टाइन सञ्चालन गऱ्यो । त्यो क्वारेन्टाइनमा हामी सबै कुराको राम्ररी व्यवस्थापन गरेका थियौं । त्यसपछि हामीले आइसोलेसनको पनि महसुस गऱ्यौं र चारै नगरपालिका मिलेर चन्द्रपुर आइसोलेसन पनि स्थापना गऱ्यौं । आजको मितिमा हाम्रो आइसोलेसनमा ३५ जना कोरोना संक्रमित उपचाररत छन् । अहिलेसम्म चन्द्रपुर नगरपालिका कोरोनाका विरुद्धमा सक्रियताका साथ लागिरहेका छौं ।

**० तपाईंहरुले अहिले कोरोनालाई नियन्त्रण अवस्था राख्नुभएको छ ?**

– निश्चितरुपमा चन्द्रपुर नगरपालिकामा अहिले कोरोनाको भयावह अवस्था छैन । हामी जोडतोडका साथ नियन्त्रण तथा रोकथाममा लागेका छौं । बुधबार मात्रै हामीले ४१ जनाको स्वाब टेष्ट गर्न पठाएका थियौं, जसमा २८ जनाको रिपोर्ट पोजेटिभ आयो । २८ जना संक्रमितमध्ये २४ जना इलाका प्रहरी कार्यालयका कर्मचारीहरु छन् ।

**० चन्द्रपुर नगरपालिका रौतहट जिल्लाकै जनसंख्या र क्षेत्रफलको हिसावले सबभन्दा ठूलो नगरपालिका हो । कोरोना नियन्त्रण गर्न कतिको चुनौतीहरु आउँछन् ?**

– ठूलो जनघनत्व र क्षेत्रफलको हिसावले कोरोना नियन्त्रणमा चुनौतीहरु छन् । अहिलेसम्म हामीलाई संघीय सरकारले कुनै किसिमको सहयोग गरेको छैन । प्रदेश सरकारले सुरुमा राहतस्वरुप १५ लाख रुपैयाँ दिएको थियो । अहिले जे जति हामी गरिरहेका छौं, स्थानीयस्तरबाट नै गरिरहेका छौं । यसबाट हामी विचलित भएका छैनौं । किनभने हामी जनताका प्रतिनिधि हौं र हामीसँग भएका सम्पूर्ण स्रोत साधन जनताकै लागि हुन् । हाम्रो पहिलो कर्तव्य पनि हो कि जनताको जीउज्यानको सुरक्षा गर्ने । त्यसपछि मात्रै अन्य कुराहरु आउँछन् । यस्ता चुनौती हुँदाहुँदै पनि हामी विचलित भएका छैनौं ।

**० सुरुवाती अवस्थामा चन्द्रपुरमा कोरोना कसरी फैलियो ?**

– चन्द्रपुर नगरपालिका कोरोनाको उच्च जोखिम हुनुको मुख्य कारण हो कि हाइवे यहीबाट गएको छ । जिल्लाको एउटा मात्रै गेटवे पनि चन्द्रपुर नै पर्छ । त्यसकारणले सुरुमा हामीले त्यो नियन्त्रण नगरेको कारणले पनि कोरोनाको जोखिम बढ्यो । तर जोखिम हुँदाहुँदै पनि सुखद कुरा के छ भने कोरोनाबाट अहिलेसम्म चन्द्रपुर नगरपालिकामा एक जनाको पनि मृत्यु भएको छैन ।

**० कोरोनाको एक मात्र उपायको रुपमा अहिले मुलुकभर निषेधाज्ञाको अवस्था छ । चन्द्रपुरमा निषेधाज्ञा वा लकडाउनको अवस्था के छ ?**

– लकडाउन वा निषेधाज्ञा हुँदाहुँदै पनि आमनागरिकको जनजीवन सामान्य बनाइराख्न हामीले यो बीचमा केही खुकुलो बनाएका छौं । हुन त जिल्ला प्रशासनले यो भाद्र मसान्तसम्म निषेधाज्ञा जारी गरेको छ । स्थानीय प्रशासनले गरेको कार्यबाट जनताले अलिकति राहत महसुस गरेका छन् । अहिले पनि चन्द्रपुर नगरपालिका लगायत रौतहट जिल्लाभरि नै भाद्र महिनासम्म निषेधाज्ञा जारी रहेको छ । तर, पनि हामीले बैंकिङ्ग कारोबार सुचारु राखेका छौं । त्यस्तै, मालपोट कार्यालय र नापी कार्यालय खोलेका नै छौं । नगरपालिकाको अति आवश्यकीय बोहकका कार्यालयहरु बन्द गरेका छौं । यो निषेधाज्ञाले गर्दा जनतालाई पीडा त भएकै हो तर पनि विचलित भएका छैनन् ।

**० व्यापार व्यवसाय सञ्चालन गर्न कस्तो किसिमको मोडालिटी अपनाउनु भएको छ ?**

– सुरुमा हामीले बिहान ७ बजेदेखि ११ बजेसम्म पसल खोल्ने समय निर्धारण गरेका थियौं । बैंकहरुका लागि १० बजेदेखि १२ बजेसम्मको समय निर्धारण गऱ्यौं । अति आवश्कीय वस्तुहरु बिक्री वितरणका लागि ११ बजेसम्मका लागि समय दियौं । त्यसबेलामा मान्छेहरुलाई किनमेल गर्न सजिलो हुन्थ्यो । तर, बजार सुनसान नै हुन्थ्यो । काठमाडौंमा निषेधाज्ञा हटाइएको भन्ने हावाले पनि अलि बढी नै खुकुलो भएको जस्तो देखिन्छ । मान्छेहरुको चहलपहल बढेको छ । काठमाडौंमा निषेधाज्ञा हटाइएको कुरा आएपछि यहाँ पनि स्वतःस्फूर्त पसलहरु खोल्न लागेका छन् ।

**० समय निर्धारण गरेर पसल खोल्न दिने निर्णयले त झन् कोरोनाको जोखिम बढाउँछ नि ?**

– सुरुमा जसरी नेपालभरि नै लकडाउन घोषणा भयो त्यो बेला राज्यको भाषा र कार्यशैलीले गर्दा जनता डराएका थिएनन् । तर दोस्रो पटक जब लकडाउन र निषेधाज्ञा जारी भयो, अनि जनता चेतनशील भए । यता केही दिनदेखि नेपालमा पनि कोरोनाबाट मर्नेको संख्यामा वृद्धि हुँदा जनता सजग भएर अनावश्यकरुपमा बजारमा निस्किन बन्द गरे । पहिला एउटा घरपरिवारबाट बजारका लागि झुण्डमै निस्किन्थ्यो तर अहिले को जाँदा आवश्यकता पूर्ति हुन्छ, एक जना गए पनि हुन्थ्यो । त्यसले गर्दा अहिले जोखिम बढेको छैन । अहिलेको अवस्थामा कोरोनाबाट जनता सचेत अवस्थामा छन् ।

**० लामो समयदेखि निषेधाज्ञा वा लकडाउनको अवस्था छ । जनजीवन कतिको कष्टकर बनेको छ ?**

– निश्चितरुपमा लामो समयदेखि लकडाउनको अवस्था छ । झण्डै ६ महिना हुन लागेको छ । यो ६ महिनाको अवधिमा सामान्य जनताको जनजीवन अस्तव्यस्त भएका छन् । व्यवसायीहरुलाई पनि यसबाट ठूलो मर्का परेको छ । यसको सबभन्दा बढी प्रभाव शैक्षिक संस्थामा परेको छ । यी सबले गर्दा त्राहिमाममा जनता छन् । अब पनि लकडाउनलाई लम्ब्याइयो भने अवज्ञा हुने सम्भावना देख्दैछु । जनता अहिले भोकले मर्ने अवस्था आउन थालेको छ । त्यसकारणले राज्यले दैनिक ज्यालादारी गर्ने जनताका लागि व्यवस्थापन गर्नैपर्छ ।

# 'मिथिलाञ्जली : नारी शक्ति'को प्रसारण सुरु



जनकपुरधाम । मैथिली टेलिसिरियल 'मिथिलाञ्चली : नारी शक्ति'को प्रसारण सुरु भएको छ ।

डिशहोमका लागि विजयलक्ष्मी मिडिया फाउन्डेसनद्वारा निर्मित मैथिली टेलिसियल मिथिलाञ्जलीको जनकपुरमा बुधबार प्रिमियर शो प्रसारण गरी यही शुक्रबारबाट डिशहोमको च्यानल ११९ भोजपुरी म्याजिकमा हरेक शुक्रबार बेलुका ८ बजे प्रसारण हुने गरी प्रसारण सुरु भएको हो ।

प्रिमियर शो विजयलक्ष्मी मिडिया फाउन्डेसनका अध्यक्ष एवं मिथिलाञ्चली सिरियलका निर्देशक सन्तोष लालदासको अध्यक्षता तथा प्रदेश २ का आन्तिरिक मामिला एवं कानुनमन्त्री ज्ञानेन्द्रकुमार यादवको प्रमुख आतिथ्यमा औरही गाउँपालिका २, देउरी परबाहामा सामाजिक दूरी कायम गरी आयोजना गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि, प्रदेश २ का आन्तिरिक मामिला एवं कानुनमन्त्री ज्ञानेन्द्र यादवले विजयलक्ष्मी मिडिया फाउन्डेसनद्वारा बनिरहेको यो मैथिली सिरियलमा प्रदेश २ सरकारको सदैव साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । त्यस्तै डिशहोमका सुपरभाइजर शिवराम मण्डलले डिशहोम नेटवर्क सदैव मैथिली लोक-कला संस्कृतिको पक्षमा रही आएको र सदैव यसलाई संरक्षण एवं प्रवर्द्धन गर्न तत्पर रहने प्रतिबद्धता व्यक्त गरेका थिए ।

## विश्व परिवेश

# अनागरिक बनाइएका काश्मिरी नागरिकको कथा

काठमाडौं । डोमिसाइल (स्थायी बसोबासको प्रमाण) सामान्यतया एक विशेष क्षेत्रमा एक वैध स्थायी ठेगानाको रुपमा बुझिन्छ । एक व्यक्ति एक क्षेत्राधिकारमा रहन सक्छ उसले यो छोडेपछि पनि उसको त्यस क्षेत्रसँगको सम्बन्ध रहिरहन्छ । अब यो परिभाषा हिन्दू र सिख शरणार्थीहरू जो सियालकोट अहिलेको पाकिस्तानी क्षेत्रबाट जम्मु काश्मिर आए उनीहरुको हकमा भने यो लागु हुँदैन ।

संयोगवश, उनीहरु सन् १९४७ मा जम्मुमा आएका थिए । जम्मु भारतको क्षेत्राधिकारभित्र पर्छ । जब विभाजन भयो र चारैतिर साम्प्रदायिक हिंसा मच्चिएको थियो । उनीहरूले पाकिस्तानसँग कुनै पनि सम्पर्क राखेनन् र मुस्किलले भागेर जम्मुमा आएका थिए ।

उनीहरुले पाकिस्तानमा रहेक आफ्नो सम्पूर्ण सम्पत्ति र बसोबास गुमाए । तर पाकिस्तान शब्दले उनीहरूलाई खेद्न छाडेन र उनीहरूलाई पश्चिम पाकिस्तानी शरणार्थी (डब्ल्यूपीआर) भनेर चिनिन थाल्यो ।

जम्मुमा उनीहरूलाई विभेद गरियो । उनीहरुले जम्मुमा बसोबास गर्न थालेको वर्षौंसम्म पनि उनीहरुलाई शरणार्थीकै व्यवहार गरिन थालियो । यद्यपि जम्मु( काश्मिरका पटकपटकका सरकारहरूले व्यवस्थित रूपमा उनीहरूविरुद्धको अभियान नै सुरु गरेर नागरिक हुनबाट वञ्चित गऱ्यो ।

तिनीहरूलाई स्थायी बसोबास प्रमाणपत्र (पीआर) दिनबाट अस्वीकार गरियो । जुन राज्यमा रहने हरेक नागरिकलाई उक्त अधिकार दिइनु पर्थ्यो । उनीहरूले भारतको नागरिकता पाएका थिए तर पीआर अभावमा उनीहरूले कश्मीरमा धेरै सीमित अधिकार पाएका थिए ।

वास्तवमा यसले राज्यमा दुई प्रकारका भारतीय नागरिकहरू सिर्जना गरेको थियो । जम्मू कश्मीरमा बस्ने भारतीय नागरिकहरू जो गैर(स्थायी बासिन्दा र पीआरवाहक नागरिकहरु थिए । राज्यमा बसोबास गर्ने डब्ल्यूपीआरहरू जस्ता गैर पीआरसँग पीआरको तुलनामा निकै कम अधिकारहरू थिए । उनीहरूलाई जीवनको प्राय: क्षेत्रहरूमा दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गरिएको थियो ।

सीमित रेसिडेन्सी अधिकारको अर्थ तिनीहरू राज्य विधानसभा र पञ्चायत चुनावमा भोट दिन योग्य थिएनन् । यसको अर्थ उनीहरूका बच्चाहरूलाई छात्रवृत्ति, कलेजमा भर्ना र राज्य सरकारले दिएको ऋण सहयताबाटसमेत वञ्चित गरिएको थियो । उनीहरूको सहभागिता र उनीहरूको आफ्नै कल्याणकारी योजनाहरुबाट शून्य लाभ पाएका थिए ।

यो सबै हुनुको मुख्य कारण जम्मु काश्मिरलाई दिइएको विशेष अधिकार धारा ३७० थियो । जसका कारण भारतको आफ्नै संविधान र झण्डा थियो । यो धारा सन् १९५४ को १४ मेमा राष्ट्रपतिको आदेशमा थप गरिएको थियो । यस धाराका विषयमा संसदमा या त कुनै लोकसभा वा राज्यसभामा छलफल भएको थिएन र संविधानको यो संशोधन सांसदहरूको समर्थनमा भएको थियो ।

संवैधानिक संशोधन गरिएको यस विशेष विसंगतिले गर्दा यो संविधानको परिशिष्ट १ मा राखिएको थियो र संविधानको अंग बनाइएको थिएन । तर, भारतले सरकारले ०५ अगस्त २०१९ मा उक्त धारा खारेज गरेपछि राजनीतिक दलालहरुले जम्मु काश्मिरका नागरिकमाथि गरेको व्यवहारबाट वञ्चित गरियो । जम्मु काश्मीरका नागरिकहरुले स्वतन्त्रता प्राप्त गरे ।

धेरै पुस्तादेखि अनागरिक र गैर आवासीय नागरिकको रुपमा अपमान भोगेकाहरुले आत्मसम्मान प्राप्त गरे । यससँगै राज्यले जारी गर्ने विभिन्न लाभहरुबाट उनीहरु पनि लाभान्वित भए । उनीहरुका सन्तानहरुले राम्रो कलेजमा पढ्न पाए र सरकारी जागिरका लागि योग्य भएका छन् ।

# श्रीलंकाले भारतसँग सम्बन्ध सुधार्दै

काठमाडौं । केहिदिन अघिमात्रै श्रीलंकाका विदेशमन्त्री दिनेश गुणवर्दनेले हवनटोटा बन्दरगाहको सन्दर्भ उल्लेख गर्दै चीनसँगको सम्बन्ध भुल भएको बताएसँगै भारतसँग सम्बन्ध सुधार्न खोजेको देखिएको छ । श्रीलंकाको बन्दरगाहमा लगानी गरिदिने नाममा बन्दरगाह नै ९९ वर्षको लागि आफ्नो बनाएको चीनले, श्रीलंकाबाट पछिल्ला दिनमा सम्बन्धमा औपचारिकता मात्र पाउन थालेको छ । चीनसँगको सम्बन्ध भुल भएको भनेसँगै श्रीलंकाले इन्डिया फस्ट नीति अंगालेको दाबी कतिपय भारतीय मिडियाले गरेका छन् । श्रीलंकाले विदेश मामिलामा भारतको सुरक्षाको विषयलाई प्राथमिकता दिने घोषणा गरेको दोस्रो दिन भारतीय उच्च आयुक्त गोपाल वागलेले आयोजना गरेको डिनर डिप्लोमेसीमा १८ नवनिर्वाचित मन्त्रीहरुले सहभागिता जनाएका थिए ।

दुई देशबीचको सम्बन्ध बलियो बनाउन श्रीलंकाको संसदीय निर्वाचनपछि यो पहिलो ठूलो कुटनीतिक भेटघाट रहेको भारतीय मिडियामा खबर छ ।

नयाँ दिल्लीसँगको सम्बन्ध बलियो बनाउन श्रीलंकाले कुटनीतिक डिनरमा सहभागिता जनाएको बताइएको छ । नयाँ दिल्लीले श्रीलंकालाई शिक्षा, स्वास्थ्य एवं उद्योगलगायतका क्षेत्रमा सहयोग गर्ने प्रतिवद्धता जनाएको छ ।

नयाँ दिल्लीसँगको सम्बन्धलाई अझैं प्रगाढ बनाउन श्रीलंकाले उद्योगी एवं राष्ट्रपतिका घनिष्ठ अशोक मिलिंगा मोरागोडालाई दिल्लीको नयाँ आयुक्तमा नियुक्त गर्ने भएको समेत समाचारमा जनाइएको छ ।

गतहप्ता श्रीलंका र भारतको सैन्य वेबइनार समेत सम्पन्न भएको थियो । दुईदेशबीच सैन्य क्षेत्रमा सहयोग र सम्बन्ध सुदृढ गर्नका लागि उक्त वेबइनारको आयोजना भएको थियो । पछिल्लो समय श्रीलंकाले भारतसँगको सम्बन्धलाई सुधार गर्दै आएको छ । श्रीलंकामा लगानी गरिदिने भन्दै त्यहाँको बन्दरगाहमा चीनले ९९ वर्षसम्मका लागि आफ्नो बनाएपछि श्रीलंका चीनसँगको सम्बन्धमा पश्चाताप गर्दै आएको छ ।

# अमेरिका र भारतबीच व्यापार सम्झौता चाँडै

नयाँदिल्ली । संयुक्त राज्य अमेरिका र भारतबीचको व्यापार सम्झौताको मस्यौदा अन्तिम चरणमा पुगेको भारत सरकारले जनाएको छ । संयुक्तराज्य अमेरिकाको आगामी राष्ट्रपतीय चुनाव अघि वा त्यसलगत्तै उक्त सम्झौतालाई अन्तिम रुप दिनेगरी वार्ता अघि बढेको छ ।

भारतका केन्द्रीय बाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले दुई देशबीचको व्यापार सम्झौताका सन्दर्भमा अमेरिकी प्रमुख व्यापार प्रतिनिधि रोबर्ट लाइटीजरसँग निकट सम्पर्कमा रहेको बताएका छन् । अमेरिका-भारत रणनीतिक साझेदारी मंचको बैठकलाई सम्बोधन गर्दै मन्त्री गोयलले भने, "व्यापार सम्बन्धी पूरै प्याकेज लगभग तयार भइसकेको छ र यसलाई कुनै पनि समय अन्तिम रुप दिन सकिनेछ । भारतको विचारमा यो प्याकेजले दुबै मुलुकको जितलाई प्रतिबिम्बित गरेको छ ।" मन्त्री गोयलले अगाडि भने, "मैले अमेरिकी व्यापार प्रतिनिधि लाइटिजरसँग विचारविमर्श गरेको छु । हामी दुबैबीच यो सम्झौता आगामी नोभेम्बरमा हुने अमेरिकी राष्ट्रपतिय चुनाव वा सोभन्दा अघि नै गर्न समझदारी बनेको छ । हामी भोलि नै यो सम्झौता गर्न पनि तयार छौं ।"

उनले व्यापार सम्झौताले भारत र अमेरिकाबीचको रणनीतिक साझेदारीलाई अझ प्रगाढ र गहिराईमा लैजान मद्दत गर्ने बताए । मन्त्री गोयलले दुबै मुलुकबीचको समझदारी अभिवृद्ध हुँदै गएमा आगामी दिनमा भारत र अमेरिकाबीच स्वतन्त्र व्यापार सम्झौताका लागि मार्गप्रशस्त गर्ने विश्वास व्यक्त गरे ।

## कूटनीतिक रूपमा समाधान हुन्छ : जयशंकर

नयाँ दिल्ली । भारतीय विदेशमन्त्री एस जयशंकरले भारत-चीन तनावको समाधान कूटनीतिमै फेला पर्नेमा आफू विश्वस्त रहेको बताएका छन् । चिनियाँ स्टेट काउन्सिलर तथा विदेशमन्त्री वाङ यीसँग लामो समयदेखि आफू परिचित रहेको बताउँदै उनीसँग यसबारे वार्ता गर्ने जानकारी पनि जयशंकरले दिए । आगामी साता सांघाई कोअपरेसन अर्गानाइजेसनका विदेशमन्त्रीबीच मस्कोमा बैठक हुँदैछ । 'यो परिस्थितिको समाधान कूटनीतिमै फेला पर्छ भन्नेमा म पूर्ण रुपमा विश्वस्त छु,' जयशंकरले आफ्नो पुस्तक सार्वजनिक भएको उपलक्ष्मा अब्जरर्भर रिसर्च फाउन्डेसनले बिहीबार गरेको भर्चुअल कार्यक्रममा भने, 'र, म पूर्ण जिम्मेवारीका साथ यो कुरा भनिरहेको छु ।' उनले भारत र चीनबीचको सम्बन्ध गम्भीर मोडमा रहेको बताए। उनले सीमामा हुने जुनसुकै घटनाले पनि द्विपक्षीय सम्बन्धलाई प्रभावित पार्ने बताए । जयशंकरको 'द इन्डिया वे: स्ट्राटेजिज् फर एन अनसर्टेन वर्ल्ड' नामक पुस्तक सार्वजनिक भएको छ ।

## क्वामी मुभ्मेन्टका संस्थापक हुसेनको आरोप

इस्लामावाद । मुत्तहिडा क्वामी मुभ्मेन्टका संस्थापक अल्ताफ हुसेनले पाकिस्तानी सैन्य प्रतिष्ठानले पाकिस्तान चीनलाई बेचेको आरोप लगाएका छन् । हुसेनले सिन्धु, मोहाजीर, बलूच, पश्तोनविरूद्ध सैन्य अभियान राज्य अपराधविरुद्धको स्वतन्त्रताको संघर्षलाई दबाउने नीति अन्तर्गत रहेको समेत बताए ।

हुसेनले स्वतन्त्रताका पक्षधर पार्टीका कार्यकर्ता, समर्थक र मोहजीर, सिन्धु, बलूच र अन्यलाई सम्बोधन गर्दै शरणार्थीहरु बिरुद्ध हालको कारबाही र "पाकिस्तानको चीनशासन" को लागिरहेको पंजाबी प्रभुत्वमा रहेको सैन्य प्रतिष्ठानले पाकिस्तान चीनलाई हस्तान्तरण गर्ने षडयन्त्रको गरेको बताएका थिए ।

हुसेनले सिन्धमा पञ्जाबी प्रतिष्ठानले पनि यही नीति अपनाइरहेको र बन्दरगाह शहर कराची र अन्य महत्वपूर्ण स्थानहरू चीनलाई हस्तान्तरण गरिएकोसमेत बताए । अल्ताफ हुसेनले खैबर पख्तूनख्वा र गिलगिट बाल्चिस्तानमा पनि पञ्जाबी स्थापनाले दबाएको बताए ।

पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।

समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं ॥

पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं ॥

पत्रकार तथा सञ्चारमाध्यमले हिंसा र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## भारतमा मेट्रो रेल सेवा फेरि सुरू

नयाँ दिल्ली । कोरोना भाइरसको महामारीले भारतले सरकारले बन्द गरेको मेट्रो रेल सेवा आइतबारबात फेरि सुरू भएको छ । कोरोना भाइरसको महामारीले भारतमा गत मार्चमा बन्द गरिएको मेट्रो रेल सेवा ६ महिनामा फेरि सुरू गरिएको हो । मेट्रोमा यात्रा गर्नेले अनिवार्य मास्क र सेनिटाइजरको प्रयोग गर्नु पर्ने व्यवस्था गरिएको छ । मेट्रोभित्र पनि भौतिक दूरी कायम गरेर मात्र यात्रु राखिएको छ ।

हाल दिल्ली र चेन्नाइ मेट्रोले बिहान ७ बजेदेखि ११ बजेसम्म तथा अपराह्न ४ बजेदेखि बेलुका ८ बजेसम्मका लागि सेवा सुरू गरेका छन् । मुम्बइ, कोलकाता लगायतका स्थानमा भने महामारी बढी भएकाले जारी लकडाउन अन्त्यपछिको अवस्था विश्लेषण गरेर मात्र निर्णय गरिने भारतीय केन्द्रीय शहरी तथा आवास मन्त्री हरदीप सिंह पुरीले बताएका छन् ।

## मोदीको प्रशंसा

काठमाडौं । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको प्रशंसा गरेका छन् । भारतीय प्रधानमन्त्री मोदी आफ्नो साथी भएको र उनले राम्रो काम गरिरहेको उल्लेख ट्रम्पले गरेका छन् । स्थानीय समयानुसार उनले भने, 'प्रधानमन्त्री नरेन्द्र मोदी मेरो साथी हुनुहन्छ, उहाँले धेरै राम्रो काम गरिरहनु भएको छ । उहाँ धेरै राम्रो नेता हुनुहुन्छ ।' ट्रम्पले अहिले काम गर्न धेरै गाह्रो भएको बताउदै यस्तो बेलामा पनि मोदीले जे गरिरहनु भएको छ, त्यो धेरै राम्रो भएको दाबी गरे ।

## जिल्ला समाचार

### कपिलवस्तुमा कोरोनाबाट एक युवकको मृत्यु

मणि प्रसाद गैह्रे, कपिलवस्तु । कपिलवस्तुमा थप एक जना कोरोना संक्रमितको मृत्यु भएको छ । मृगौला र उच्च रक्तचापका बिरामी कपिलवस्तु नगरपालिका वडा नम्बर ५ का २९ वर्षीय पुरुषको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय कपिलवस्तुले जनाएको छ । बिरामी परेपछि उपचारका लागि काठमाडौंको शिक्षण अस्पताल लगिएकोमा गत सोमबार मृतकमा कोरानो पुष्टी भएको थियो । उनको उपचारको क्रममा बुधबार राति मृत्यु भएको स्वास्थ्य कार्यालयका कोरोना फोकल पर्सन कुमार थापाले बताए । मृतक ज्यालादारी काम गर्ने गर्थे । यससँगै जिल्लामा कोरोनाबाट मृत्यु हुने संख्या ६ पुगेको छ । जिल्लामा बिहीबार थप ४६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । एकैदिन ४ पालिकाका ४६ जना नयाँ संक्रमित थपिएको स्वास्थ्य कार्यालय कपिलवस्तुका कोरोना फोकल पर्सन कुमार थापाले जानकारी दिए । थपिएका ४६ सहित कपिलवस्तुमा संक्रमितको संख्या १ हजार २ सय २४ पुगेको छ । जिल्लाको वाणगंगा नगरपालिका, कपिलवस्तु नगरपालिका, शुद्धोधन गाउँपालिका र मायादेवी गाउँपालिकाका ४६ जना रहेका छन् । थपिने संक्रमितहरुमा नेपाल प्रहरी, शिक्षक, विद्यार्थी, गृहिणी, सामाजिक कार्यकर्ता, कर्मचारी र वैदेशिक रोजगारीबाट आएका रहेका छन् । उता कोरोना पोजेटिभ भएर आइसोलेशनमा बसेका व्यक्तिहरु पनि निको भएर घर फर्कनेको संख्या बढेको छ । जिल्लाको कुल १ हजार २ सय २४ कोरोना संक्रमितमध्ये १ हजार ६२ जना निको भएर घर फर्किएको स्वास्थ्य कार्यालय कपिलवस्तुले जनाएको छ ।

### सिरहाका सात स्थानीय तहले बजेट ल्याएन

सिरहा । आन्तरिक विवाद र जनप्रतिनिधिबीचको असमझदारीका कारण सिरहाका सात स्थानीय तहले चालु आर्थिक वर्षको बजेट अझै प्रस्तुत गर्न नसक्दा अन्योल बढेको छ । संघीय सरकारले प्रत्येक स्थानीय तहलाई पत्राचार गरी असार १० भित्रै बजेट ल्याइसक्न निर्देशन दिए पनि सिरहाका १७ स्थानीय तह मध्ये सात स्थानीय तहले अझै बजेट ल्याउन सकेका छैनन् । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले अर्थमन्त्रालयको पत्रानुसार असार १० गतेभित्रै स्थानीय तहले आफ्नो गाउँ तथा नगरसभामा बजेट पेश गरिसक्न निर्देशन दिएको थियो । समयमै बजेट नआए संघीय सरकारबाट सम्बन्धित स्थानीय तहमा जाने अनुदान र राजश्व बाँडफाँटको प्रवर्द्धनमा समस्या पर्ने चेतावनीसहित अर्थमन्त्रालयले पत्राचार गरेपछि १० वटा स्थानीय तहले मात्रै गाउँ तथा नगरसभामा बजेट पेश गरेका छन् । सिरहामा आठ नगरपालिका र नौ गाउँपालिका रहेकामा पाँच गाउँपालिका र दुई नगरपालिकाले अझै गाउँ तथा नगरसभामा बजेट पेश गर्न नसकेको कोष तथा लेखा नियन्त्रण कार्यालय सिरहाका प्रमुख राधेश्याम गिरीले जानकारी दिए । सिरहाको औरही, नवराजपुर, लक्ष्मीपुर पतारी, अर्नमा र बरियारपट्टी गाउँपालिकाले गाउँसभा गर्न नसकेको प्रमुख गिरीले बताउनुभयो । उहाँका अनुसार कल्याणपुर र मिर्चैया नगरपालिकाले पनि नगरसभामा बजेट पेश गर्न सकेका छैनन् । सिरहाका विभिन्न स्थानीय तहमा देखिएको आन्तरिक विवाद, जनप्रतिनिधिहरु बीचको असमझदारीलगायतका कारणले समयमा नगरसभा हुन नसकेको प्रमुख गिरीको भनाइ छ ।

### सीमा क्षेत्रमा सशस्त्रका तीन बीओपी थपिंदै

चितवन । चितवन जिल्लामा भारतसँग जोडिएका सीमा क्षेत्रको सुरक्षाका लागि सशस्त्र प्रहरीका तीन वटा बोर्डर आउट पोष्ट (बीओपी) थपिने भएको छ । सरकारले देशभर सीमा क्षेत्रमा सशस्त्र प्रहरीका बीओपी थप गर्ने निर्णय गरेसँगै चितवनमा पनि तीनवटा बीओपी थप गर्न लागिएको हो । चितवनका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईले माडी नगरपालिका-९ को कान्छी बगई, वडा नं ६ को स्याउलीबास र वडा नं १ को भगेटीमा पोष्ट स्थापना गर्न लागिएको बताए । अहिले चितवनको माडी नगरपालिकामा तीनवटा मात्रै बीओपी पोष्ट छन् । बाँदरझुला, छरछरे र बाल्मिकी आश्रममा सशस्त्रका अस्थायी पोष्ट रहेको भट्टराईले बताए । एक महिनाभित्र नयाँ पोष्ट स्थापना हुने गरी काम शुरु गरिएको उनले जानकारी दिए । चितवन जिल्लाको भारतसँग ८८ किलोमिटर खुला सीमा जोडिएको छ ।

### प्रदेश २ मा सशस्त्रको थप ७३ बीओपी

वीरगन्ज । नेपाल-भारत सीमामा हुने अवैध गतिविधि नियन्त्रणका लागि सशस्त्र प्रहरीले प्रदेश २ मा थप ७३ वटा बोर्डर आउट पोस्ट (बीओपी) स्थापना गर्ने भएको छ । सशस्त्र प्रहरी बल प्रदेश २ का प्रमुख सशस्त्र प्रहरी नायव महानिरीक्षक (डिआईजी) कृष्णभक्त ब्रम्हचार्यले प्रमुख नाका वीरगन्जको इनार्वमा स्थापना भएको बीओपीको उद्घाटन गरे । उनका अनुसार पहिलो चरणमा १२ वटा, दोस्रोमा २४ र तेस्रो चरणमा ३७ वटा बीओपी स्थापना गरिने छ । प्रदेश २ मा हालसम्म ५० वटा बिओपी रहेका छन् । डिआइजी ब्रम्हचार्यका अनुसार सीमामा हुने तस्करी, लागू औषध कारोबार, हातहतियार ओसारपसार र अन्तरदेशीय अपराध नियन्त्रणका लागि थप बीओपी स्थापना गर्न लागिएको हो ।

### जनमतको प्रथम वडास्तरीय अधिवेशन सम्पन्न

सिरहा । डा.सीके राउत नेतृत्वको जनमत पार्टीले पनि आफ्नो प्रथम महाधिवेशनको तयारी सुरु गरेको छ । सोही अन्तर्गत जनमतको प्रथम वडास्तरीय अधिवेशनसमेत सम्पन्न भएको छ । सिरहा जिल्लाको मिर्चैया नगरपालिका-१० बाट वडा अधिवेशनको सुरुवात भएको हो । बुधबार सम्पन्न अधिवेशनबाट मिर्चैया-१० मा किशोरी साह निर्वाचित भएका छन् । जिल्ला अधिवेशन समिति सिरहाको प्रतिनिधि तथा पर्यवेक्षक वीरेन्द्र गामीको अध्यक्षतामा र जिल्ला अधिवेशन समिति अध्यक्ष तथा सिरहा जिल्ला इन्चार्ज बिजय साह, अधिवेशन समिति सदस्यहरू, निर्मल मण्डल, संतोष यादव, कबिता सिंह र कपलेश्वर यादव लगायत जिल्लाभरि बाट आमन्त्रित स्वराजी नेता तथा कार्यकर्ताहरूको एवं स्थानिय आम जनसामुदायहरुको सहभागिता थियो । मिर्चैया-१० मा साहको अध्यक्षतामा ११ सदस्यीय समिति सर्वसम्मतबाट निर्वाचित भएको हो । जसको उपाध्यक्षद्वयमा कबिलासी देवी महरा र संजय महतो, सचिवमा इन्द्र कुमार सिंह, सह-सचिवमा श्याम कुमार महरा र कोषाध्यक्षमा विन्देश्वर चौधरी निर्वाचित भएका हुन् । यसैगरी, सदस्यहरुमा असलानी सदा, विजय कुमार साह, एकलास देवी सदा, महेश्वर महरा र शारदा देवी महरा निर्वाचित भएका छन् । नव निर्वाचित पदाधिकारीहरूलाई अधिवेशन पर्यवेक्षक बिरेन्द्र गामीबाट पद तथा गोपनीयताको सपथ ग्रहण गराएपश्चात निर्वाचित पदाधिकारीहरुलाई पदको प्रमाण पत्र समेत प्रदान गरिएको छ । जनमत पार्टीले आफ्नो प्रथम महाधिवेशन यही वर्षभित्र सम्पन्न गर्ने गरी वडास्तरीय अधिवेशनबाट सुरुवात गरिएको अधिवेशन समितिका सदस्य निर्मल मण्डलले मधेशवाणीलाई बताएका छन् ।

### पत्रकार साह हत्याका अर्का अभियुक्त पक्राउ

बारा । बाराका पत्रकार वीरेन्द्र साहका हत्याका अभियुक्त हरेराम पटेललाई प्रहरीले जिल्लाको कोल्हवीबाट पक्राउ गरेको छ । उनी हत्याको घटना भएको १३ वर्षपछि पक्राउ परेका हुन् । पत्रकार साहको २०६४ असोज १८ मा तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताले बाराको पिपरा बजारबाट अपहरण गरी हत्या गरेका थिए । बाराको साविक तेलकुवाँ गाविस-४ हाल महागढीमाई नगरपालिका-२ का ४७ वर्षीय पटेल तत्कालीन माओवादीका वाईसिएल ईन्चार्ज थिए । हाल उनी मोहन वैद्यले नेतृत्व गरेका नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य र सोही पार्टीअन्तर्गतका क्रान्ति मधेसी मुक्ति मोर्चाका केन्द्रीय उपाध्यक्षको जिम्मेवारी सम्हाल्दै आएका छन् । सात महिनाअघि पत्रकार साहकै हत्याका अर्का अभियुक्त कुन्दन फौजदार पक्राउ परेका थिए । मुख्य योजनाकार लालबहादुर चौधरी अझै फरार छन् । सात महिनाको फरकमा पटेल र फौजदार पक्राउ परेका हुन् ।

### दुई दर्जन नेता कार्यकर्ता जनमत पार्टीमा प्रवेश

नेपालगन्ज । नेपाल सद्भावना पार्टीको बर्दिया जिल्ला अध्यक्ष रहेको सोहराब पठान सहितका नेता कार्यकर्ता जनमत पार्टीमा प्रवेश भएका छन् । जनमत पार्टीको नेता नीति र नियत उचित र उपयुक्त भएको हुनाले जनमत पार्टीमा प्रवेश भएको नेता पठानले बताए ।वकालत पेशा समालहदै आउनु भएका सदभावना पार्टीकै जिल्ला सचिव भोला राम राजवंशी थारुले जनमत पार्टी मात्र थारु र मधेशीहरुलाई जोडेर अगाडि समग्र तराई मधेशको उत्थानगरिने एक मात्र पार्टी भएको थारुले बताए । जनमत पार्टीले जनताराज स्थापना गरिने, १० लाख रोजगारी सृजना गरिने, ILO - १६९ लागू गराउने, समाजवाद र सामाजिक न्याय र प्रत्यक्ष लोकतन्त्रको लागू गराउने आफ्नो पार्टीको घोषणापत्रमा राखेको हुनाले सबैले प्रशंसा गरेका थिए । त्यस्तै अन्य पार्टीको नेताभन्दा जनमत पार्टीको नेता स्वच्छ र वैज्ञानिक भएको र अन्य पार्टी र संगठनबाट विभाजन नगरि जनताबाट बनेको पार्टी भएको हुनाले हामीलाई जुडना सहजभएको लगभग सबैले भनेका थिए । सहजकर्ताको भूमिका जनमत पार्टीको संस्थापक सदस्य तथा केन्द्रीय सदस्य अब्दुल खाँले गरेका थिए ।

# नेपाल–भारत सम्बन्ध संस्थागत रूपमै विशिष्ट : भारतीय विदेश सचिव

काठमाडौं । भारतीय विदेशसचिव हर्षबर्धन श्रृंगलाले नेपाल-भारत सम्बन्ध संस्थागत रुपमै विशिष्ट रहेको जनाएका छन् ।

भारतको विश्व सम्बन्ध परिषदद्वारा आयोजित सेमिनारलाई सम्बोधन गर्दै उनले बेलाबेलामा राजनीतिक रुपमा उतार चढाव आएपनि नेपालसँगको सम्बन्ध विशिष्ट रहेको र निरन्तर अघि बढ्ने बताएका हुन् ।

'नेपाल र भारतको सम्बन्ध जनस्तरको हो । कोभिड- १९ को महामारीबीच व्यापार, आपूर्ति निरन्तर भइरहेको छ । हाम्रो परिवर्तन नहुने सम्बन्ध हो । वेलावेलामा राजनीतिक उतारचढाब भए पनि सम्बन्ध निरन्तर अघि बढ्छ,' विदेशसचिव श्रृंगलाले भने । उनले नेपाल-भारत सीमावार्ताका बारेमा भने केही बोलेनन् ।

उनले प्रधानमन्त्री नरेन्द्र मोदीले अघिल्लो कार्यकालमा चारपटक नेपाल भ्रमण गरेको दृष्टान्त प्रस्तुत गरेका थिए ।

विभिन्न विश्वविद्यालयका प्राध्यापक तथा विदेश मामिलाविज्ञहरूले श्रृंगलालाई नेपाल र श्रीलंकाको नामै लिएर छिमेकमा भारतको सम्बन्ध किन बिग्रेको भन्ने प्रश्न गरेका थिए । जवाफमा उनले खुला सिमाना, सांस्कृतिक सभ्यता लगायतले नेपाल-भारत सम्बन्ध संस्थागत रूपमा नै विशिष्ट छ । राजनीतिक उतारचढाब हुँदा सरकारहरूबीच सवालजवाफ हुने गरेको बताए ।

कोभिड- १९ को महामारीबीच नेपाललाई भारतले टेस्ट किट्सलगायतका औषधिजन्य सामग्री सहयोग गरेको पनि विदेश सचिव श्रृंगलाले बताए ।

उनले नेपाल, बंगलादेश, भुटानमा आपूर्ति निर्वाध भइरहेको र छिमेकीहरूसँग संवाद भइरहेको पनि उल्लेख गरे ।

उनले भारतको विकास सहायताको करिब ३५ प्रतिशत छिमेकी देशहरूमा जाने गरेको र समुदायलाई समेत सहयोग पुग्ने गरी भारतले सहयोग दिँदै आएको पनि बताए ।

कोरोना महामारीको यस विषम परिस्थितिमा छिमेकी मुलुकका लागि भारत पहिलो उद्धारकर्ता मात्र नभएर सुरक्षाका लागि भरोसायोग्य मुलुकसमेत भएको विदेशसचिव श्रृंगलाको भनाइ थियो ।

कोभिड- १९ विरुद्ध खोप उत्पादन भएको अवस्थामा भारतले छिमेकी देशहरूलाई उच्च प्राथमिकतामा राखेको उनले बताए ।

यसैबीच भारतीय विदेशसचिव श्रृंगलाले दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)को वैकल्पिक संयन्त्रको रूपमा बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडी प्रयास (बिमस्टेक) स्थापित भएको पनि जिकिर गरे । बिमस्टेकले दक्षिण एसिया र दक्षिणपूर्वी एसियालाई जोड्ने उनको भनाइ थियो ।

# चीन र भारतका रक्षामन्त्रीबीच मस्कोमा भेटवार्ता

काठमाडौं । चिनियाँ राज्य परिषदका सदस्य एवम् रक्षा मन्त्री वै फङ र भारतीय रक्षामन्त्री राजनाथ सिंहसँग रूसीको राजधानी मस्कोमा भेटवार्ता भएको छ । चीन र भारतबीच सिमाना समस्याका कारण सम्बन्धमा तनाव देखिएका समय दुई देशका रक्षा मन्त्रीले प्रत्यक्ष विचारहरूको आदानप्रदान भएको बताइएको छ । वार्तामा दुई पक्षले राष्ट्राध्यक्ष सी चिनफिङ र प्रधानमन्त्री नरेन्द्र मोदीको महत्वपूर्ण सहमतिलाई व्यवहारमा उतारेर वार्ता तथा परामर्शद्वारा समस्याको समाधान गर्नुपर्नेमा जोड दिएको बताइएको छ ।

भेटमा दुई देशका सन्धि तथा सम्झौताको पालना गर्दै अग्रक्षेत्रमा फौजको नियन्त्रणलाई सबल पारेर वर्तमान वास्तविक नियन्त्रण लाइन पार गरी नचिढाउने, परिस्थितिलाई चर्को पार्ने गतिविधि नचाल्ने र नकारात्मक सूचना प्रचार नगर्ने र नफैलाउने विषयमा छलफल भएको मन्त्री वैले बताए ।

दुबै पक्षले दुई देश र क्षेत्रको शान्ति तथा स्थिरताका लागि साझा प्रयासमा वर्तमान घटनालाई कम गर्दै सिमानाको शान्ति तथा स्थिरताको पक्षमा कुरा राखेका बताइएको छ ।

वर्तमान अवस्थामा सिमानाको शान्ति तथा स्थिरता द्विपक्षीय सम्बन्धका लागि ज्यादै महत्वपूर्ण रहेको भारतीय रक्षामन्त्री सिंहले जोड दिएका थिए । चीन र भारतले सैन्य तथा कूटनीतिलगायत वार्ता मञ्चको संचालनलाई कायम राखेर वार्ता तथा परामर्शद्वारा शान्तिपूर्ण रूपमा समस्याको समाधान गर्नुपर्ने उनले बताएको चिनियाँ स्रोतले उल्लेख गरेको छ ।



# नेपाल र भारतबीच वार्ताका लागि पहल

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय समकक्षी नरेन्द्र मोदीबीच भएको टेलिफोन संवादपछि दुई देशका संयन्त्रहरूबीच वार्ताका गृहकार्य भइरहेका छन् । भारतीय स्वतन्त्रता दिवसका अवसरमा साउन ३१ गते प्रधानमन्त्री ओलीले भारतीय प्रधानमन्त्री मोदीलाई शुभकामना दिएका थिए। प्रधानमन्त्री ओलीको त्यही टेलिफोनले नेपाल र भारतबीचको संवादहीनता अन्त्य गराइदिएको हो ।

दुवै मुलुकका परराष्ट्र मन्त्रालयका अधिकारीहरू केहीयता नेपाल र भारतबीच स्थापित विभिन्न संयन्त्रको वार्ता गर्ने आन्तरिक तयारीमा जुटेका छन् । नेपाल-भारत सचिवस्तरीय बैठक, बाउन्ड्री वर्किङ ग्रुप र नेपाल-भारत संयुक्त आयोगको बैठकको तयारी भइरहेको स्रोतले बताएको छ । यद्यपि ती बैठकको मिति तय भइसकेको छैन ।

दुई मुलुकका विभिन्न संयन्त्रबीच हुन लागेका बैठकहरूले नेपाल( भारत सम्बन्ध सुधारोन्मुख देखिएको छ । यसअघि भदौ १ मा नेपाल-भारत संयुक्त निगरानी संयन्त्र (ज्वाइन्ट ओभरसाइट मेकानिज्म)को बैठक बसेको थियो । बैठकले नेपालमा भारतीय सहयोगमा निर्माणाधीन परियोजनाहरूको समीक्षा गरेको थियो । भर्चुअल माध्यमबाट भएको बैठकको नेतृत्व नेपालका तर्फबाट परराष्ट्र सचिव र भारतका तर्फबाट भारतीय राजदूतले गरेका थिए ।

निगरानी संयन्त्रको बैठकलाई दुवै मुलुकले उपलब्धिका रूपमा लिएका छन् । दुई मुलुकका स्थापित संयन्त्रहरूबीच अब नियमित संवाद हुनेछ । प्रधानमन्त्रीबीच संवाद भएपछि परराष्ट्र सचिवस्तरीय बैठकको तयारी भइरहेको छ । परराष्ट्र सचिवस्तरीय बैठकका लागि दुवै मुलुकका अधिकारीहरू तयारीमा जुटेका छन् । त्यसपछि दुई मुलुकबीच बाउन्ड्री वर्किङ ग्रुप र नेपाल-भारत संयुक्त आयोगको बैठक हुनेछ ।

नेपालस्थित भारतीय दूतावास र परराष्ट्र मन्त्रालयले सचिवस्तरीय वार्ताको मिति र एजेन्डाबारे आन्तरिक गृहकार्य गरिरहेका छन् । परराष्ट्र सचिवस्तरीय बैठकमा नेपाल(भारत पछिल्लो सम्बन्ध, रक्सौल-काठमाडौं रेलमार्गलगायत अन्य परियोजनाबारे छलफल हुनेछ। सचिवस्तरीय बैठकमा रक्सौल(काठमाडौं रेलमार्गको डीपीआर गर्नेबारे केही महत्वपूर्ण निर्णय हुन सक्ने स्रोतले बताएको छ ।

## भारतीय शोधकर्ताहरूले पत्ता लगाए कोरोना रोक्ने नयाा तरिका !

काठमाडौं । भारतमा कोरोना भाइरसको संक्रमण दर विश्वमै सबैभन्दा बढी देखिएका बेला भारतीय शोधकर्ताले कोरोना भाइरसको संक्रमण रोक्ने नयाँ तरिका पत्ता लगाएको दाबी गरेका छन् । भारतको गुवाहाटीस्थित ईन्डियन ईन्स्टिच्युट अफ टेक्नोलोजी (आईआईटी) का शोधकर्ता विद्यार्थीहरुले कोभिड- १९ को पहिचान र रोकथामका लागि नयाँ तरिका पत्ता लगाएको जनाएका हुन् । आईआईटीका विद्यार्थीहरुले कोरोना भाइरस र सरफेस स्पाइक प्रोटिनको बीचमा बायो इन्टरफेस इन्ट्र्याक्सन विधिद्वारा कोरोना भाइरसको पहिचान र रोकथाम गर्ने उपायको विकास गरेको दाबी गरेका हुन । रिसर्च स्कलर्सहरुको भनाई अनुसार कोभिड-१९ इनर न्युक्लिक एसिडबाट बनेको हुन्छ । जसलाई सरफेस स्पाइक ग्लाइकोप्रोटिनले ढाकेको हुन्छ । रिसर्च स्कलर्सद्वारा तयार पारिएको सतह अर्थात लेयरलाई भाइरस पत्ता लगाउन र यसको संक्रमण रोक्न उपयोग गर्न सकिन्छ । शोधकार्यका विद्यार्थीहरुले तयार पारेको सतह अर्थात लेयरलाई पीपीईमा लगाउन सकिने प्रोफेसर पाण्डेयलाई उद्धृत गर्दै एनडिटिभीले जनाएको छ ।

# जसपामा...

छ । अध्यक्षद्वय ठाकुर र यादवबीच जिम्मेवारी बाँडफाँटको बिषयमा विवाद भएको छ । एक जना अध्यक्ष पार्टी र अर्को अध्यक्ष संसदीय दलको नेता हुनुपर्ने अडानमा यादव रहेका छन् ।

संसदीय दलको नेतामा महतो हुने यसअघि भएको भद्र सहमति तोड्दै अध्यक्ष यादवले आफूले पार्टी पूर्ण रूपले हेर्नुपर्ने वा संसदीय दलको नेता हुनुपर्ने अडान राखेका छन् । पूर्वप्रधानमन्त्री समेत रहेका वरिष्ठ नेता डा. भट्टराई संघीय परिषद्को अध्यक्ष र मर्यादाक्रममा पहिलो हुनुपर्ने अडानमा छन् । तर, अध्यक्ष ठाकुरले मर्यादाक्रममा आफ्नै पहिलो नम्बरमा हुनुपर्ने अडानले संघीय परिषद्को अध्यक्ष टुंगो लाग्न सकेको छैन ।

जसपा विधानअनुसार ५३ सदस्यीय कार्यकारिणी समिति छ । तर यहाँ दुई जना अझै चयन गर्न बाँकी छ । यही कार्यकारिणीमा रहेका सदस्यहरू नै पदाधिकारी हुनेछन् । वरिष्ठ नेता, सहअध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सहमहासचिव, सचिव, प्रवक्तालगायतका पदाधिकारी आवश्यकताअनुसार चयन गरिने विधानमा व्यवस्था छ । यी पदाधिकारी कार्यकारिणी सदस्य भएकाले मात्रै पाउनेछन् ।

जसपा नेपालको केन्द्रीय कार्यसमिति ७५१ सदस्यीय रहने छ । जसमध्ये कार्यकारिणी समितिका ५१ जना चयन भइसकेका छन् । बाँकी ७०० सदस्यमध्ये तत्कालीन राजपा नेपालबाट ३५० र समाजवादी पार्टीबाट ३५० जना रहनेछन् ।

तर जसपामा राजपाले २६ मात्र पदाधिकारी पाएपछि तत्कालीन राजपा नेताहरूलाई तनाव भएको छ । तत्कालीन समाजवादी पार्टीमा पदाधिकारी रहेकाहरू स्वत: एकीकृत पार्टीमा सोही जिम्मेवारीमा हुनेछन् । राजपाको आन्तरिक किचलोले पदाधिकारी एवं जिम्मेवारी बाँडफाँटमा समस्या भएको छ ।

तत्कालीन राजपाभित्र भद्रगोल अवस्था रहेको थियो । राजपाभित्र अध्यक्षमण्डल रहेको र सोही अध्यक्ष मण्डलले पार्टी सञ्चालन गरिरहेको थियो । राजपाको यहि भद्रगोलता अहिले जसपामा पनि देखिएको छ । पार्टी भित्र पूर्व राजपाका नेताहरु भागबण्डाको राजनीति सुरु गरेका छन् । उनीहरुले गरिरहेको तमासाबाट पूर्व समाजवादी पार्टीका नेताहरु अचम्भित भएका छन् । पूर्व राजपाका शीर्ष नेताहरु पार्टीलाई थप सुदृढ बनाउनुको सट्टा गुट व्यवस्थापनमै लागेको छन् ।

केन्द्रीय समितिमा महन्थ ठाकुर र राजेन्द्र महतोले ९५-९५, महेन्द्र राय यादव र शरतसिंह भण्डारीले ४४-४४ र अनिलकुमार झा र राजकिशोर यादव पक्षका ३०-३० जना राख्नेगरी भागबण्डा मिलाइएको छ । तत्कालीन राजपा नेपालसँग एकीकरण भएका दुई साना दलका ५-५ जनालाई पनि केन्द्रीय कार्यसमितिमा स्थान दिइने भएको छ । दललाई पैतृक सम्पत्ति झैं बाडेर लिने गुटपतिबाट मधेशले के आश गर्न सक्छ रु जसपा दल होइन गुटहरुको महासंघ बन्दैछ । कुल ७०१ मध्ये पूर्व समाजपादीले ३५० र अन्य दलले १३ सिट पाएका छन ।

महेन्द्र राय यादव, राजकिशोर यादव र अनिलकुमार झाले महन्थ ठाकुर र राजेन्द्र महतोले गरेका ९५-९५ को भागबण्डालाई स्वीकार गर्न नसकिने भन्दै पूर्व राजपाका केही नेताहरुले विरोध पनि जनाएका छन् । डाडुपन्यु आफ्नै हातमा भएकै कारण जे पनि गर्न नपाइने भन्दै उनीहरुले विरोध जनाएका हुन् । यसअघि कार्यकारिणी समितिको अधिकांश सदस्य पद राजेन्द्र महतो र महन्थ ठाकुरले आफ्ना व्यक्ति राखेर कब्जा गरेको भन्दै असन्तुष्टि प्रकट भएको थियो ।

यता, पूर्वा समाजवादी पार्टीका नेताहरुले समायोजन प्रक्रिया चाँडो टुङ्ग्याउन जरुरी रहेको भन्दै नामावली बुझाउनका लागि महन्थ ठाकुरलाई दबाब दिँदै आएका छन् । केन्द्रीय कार्यसमिति चयनमा ढिलाइ भएको भन्दै उनीहरुले नामावली नआएको अवस्थामा तत्कालीन समाजवादी पार्टीका तर्फबाट केन्द्रीय सदस्य रहनेहरुको नाम घोषणा गरेर केन्द्रीय कार्यसमितिलाई एउटा आकार दिने चेतावनी दिएका छन् । पार्टीमा वरियताको विवाद, केन्द्रीय कार्यसमितिमा भागवण्डाको विवादका समायोजन प्रक्रिया जटिल बन्दै गएको छ ।

## आर्थिक समाचार

### चिनियाँ कम्पनी संकटमा

काठमाडौं । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हुवावे र अन्य चिनियाँ टेक्नोलोजी कम्पनीमाथि लगाएको प्रतिबन्धले चीनको अर्थतन्त्रलाई अप्ठ्यारोमा पारेको छ । चीनको आफ्नै सिलिकन भ्यालीको नाममा चिनिने दक्षिणपूर्वी गुआंदोंग प्रान्तको शेनझेनको अर्थतन्त्रमा हुवावेमाथिको प्रतिबन्धले असर पारिसकेको छ । चिनियाँ सञ्चारमाध्यम साउथ चाइना मर्निङ पोष्टले सार्वजनिक गरेको एक रिपोर्टमा अमेरिकी प्रतिबन्धले हुवावेका विश्व बजारमा राज गर्ने लक्ष्यलाई चकनाचुर पारिदिएको खुलाएको छ । चीनको टेक्नोलोजी हब मानिने शेन्झेनका हरेकजसो कम्पनीहरुले विभिन्न किसिमका प्रतिबन्ध झेलिरहेसँगै त्यहाँको अर्थतन्त्र धराशायी हुने अवस्थामा पुगेको हो । ४० औं बार्षिकोत्सवको अवसरमा चिनियाँ प्रमुख इकोनोमिक हब शेन्झेनको अवस्था कमजोर बन्दै गएको छ । सुरुमा माछा उत्पादन गर्ने क्षेत्रका रुपमा चर्चीत शेन्झेनमा सन् १९८७ मा हुवावेको स्थापना भएसँगै त्यहाँको भाग्य चम्किएको थियो ।

पिपुल्स लिब्रेसन आर्मीका रिटायर्ड व्यक्तिले हुवावेको स्थापना गरेका थिए । हुवावेको स्थापनासँगै शेन्झेन शहर प्रमुख टेक्नोलोजी हब बन्दै गएको थियो। १ सय २३ बिलियन अमेरिकी डलर बराबरको वार्षिक आम्दानी गर्ने कम्पनी हुवावे अहिले चीनको सबैभन्दा ठूलो टेक्नोलोजी कम्पनी हो । हाल, हुवावे, टेन्सेन्ट गेम, बीजीआई, प्रिमियर इलेक्ट्रीक आईटी, अटोमोबाइल कम्पनी, बीवाइडी गेमिंग, जेडटीईलगायतका ठूला टेक्नोलोजी कम्पनी शेन्झनेमै अवस्थित छन् । यद्यपि हुवावे भने अमेरिकी एप्पल जस्तै शेन्झेनको ठूलो कम्पनी हो । सिलिकन भ्यालीमा एप्पलको पहुँच भन्दा बढी शेन्झेनमा हुवावेको प्रभुत्व रहेको छ । हुवावे शेन्झेनको सबैभन्दा ठूलो राजस्व तिर्ने कम्पनी हो । सन् २०१६ को तथ्यांक अनुसार हुवावेले पूरै शहरको ७ प्रतिशत राजस्व दाखिला गरेको थियो । हुवावेले टेलिकम कम्पनीको रुपमा समेत दक्षिणपूर्वी चीनमा ठूलो टेक्नोलोजिकल विकास गरेको छ । त्यहाँ प्रोग्रामिंग इन्जिनियरिंगलगायतका विभिन्न किसिमका शिक्षाको विकासमा हुवावेले योगदान दिएको छ । चीनमा मात्रै हैन्, चीनबाहिर पनि आफ्नो ठूलो प्रभुत्व खडा गरेको हुवावेले पछिल्ला २ वर्षयता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनबाट विभिन्न किसिमका प्रतिबन्ध झेलेसँगै हुवावेको गती धिमा भएको छ ।

ट्रम्प प्रशासनले हुवावेमाथि प्रतिबन्ध लगाउनुको मुख्य कारण सुरक्षा खतरा हो । हुवावेका संस्थापक पूर्व पीएलका सैनिक हुन् र हुवावेले कम्युनिस्ट पार्टीको निर्देशन अनुसार जुनसुकै किसिमको जासुसी गर्न सक्ने सम्भावना रहेको भन्दै ट्रम्प प्रशासनले प्रतिबन्ध लगाएको हो । अमेरिका मात्रै हैन्, भारत, अष्ट्रेलिया, बेलायतलगायतका देशमा पनि हुवावेलाई अस्विकार गरिँदै आएको छ । निकट भविष्यमा जर्मनी र ब्राजिलमा समेत हुवावेको भविष्य अन्धकार हुने देखिएको छ ।

हालै हुवावेलाई पूर्णरुपमा प्रतिबन्ध गर्नुका साथै हुवावेका लागि सेमीकन्डक्टर बनाउँन अमेरिकामा रोक लगाएसँगै यसलाई झन धेरै संकट थपिएको छ । हुवावे घाटामा पर्नु भनेको हुवावेलाई घाटा हुनु मात्रै हैन्, शेन्झेनलाई घाटा हन् हो र पक्कै पनि शेन्झेनलाई घाटा हुनु भनेको चीनको अर्थतन्त्रलाई घाटा हुनु हो । हालै लिउ केइमिंग शेन्झेनको एक इन्स्ट्ट्युटका निर्देशकले हुवावे बराबरको अर्को कुनै कम्पनी नरहेको र यसको विश्वव्यापी प्रभुत्वमा ह्रास हुनुले शेन्झेनलाई ठूलो क्षति हुने बताएका छन् । यसबाहेक अर्को ठूलो कम्पनी टेन्सेन्टको विच्याटलाई पनि प्रतिबन्ध गर्ने प्रस्तावमा ट्रम्पले हस्ताक्षर गरिसकेका छन् । ट्रम्प प्रशासनले विच्याटका माध्यमबाट कुनै पनि ट्रान्जेक्सन गर्नमा समेत रोक लगाएको छ । चीनको दोस्रो ठूलो कम्पनी टेन्सेन्ट गेम्सका अन्तर्गतको विच्याट र टिकटक अमेरिकामा प्रतिबन्ध हुनु भनेको चीनको अर्थतन्त्रमा अर्को ठूलो झड्का लाग्नु हो । यसबाहेक अर्को ठूलो टेक कम्पनी जेडटीईले पनि हुवावेको जस्तै प्रतिबन्ध झेलिरहेको छ । चीनले विकास गर्न लागेको इलेक्ट्रिक गाडीहरुलाई टक्कर दिने कम्पनी टेस्ला अमेरिकामा स्थापित भइसकेको अवस्थामा जापान र अष्ट्रेलियाले पनि चिनियाँ कम्पनीलाई संकटमा पार्ने प्रविधिको विकास गरिरहेका छन् ।

## पाइपलाइन झण्डै एक अर्ब रूपैयाँ बचत

काठमाडौं । नेपाल आयल निगमले मोतीहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनमार्फत एक वर्षका अवधिमा करीब ५३ करोड लिटर डिजेल आयात गरेको छ । विसं २०७६ भदौ २४ गते दक्षिण एशियाकै प्रथम अन्तरदेशीय पेट्रोलियम पाइपलाइनका रुपमा अमलेखगञ्जमा पाइपलाइन सञ्चालनमा आएको एक वर्षका अवधिमा ५३ करोड ४१ लाख तीन हजार लिटर डिजेल आयात भएको छ । पाइपलाइन सञ्चालनको एक वर्ष पूरा भएका अवसरमा आज एक प्रेस विज्ञप्ति जारी गर्दै निगमले प्रदेश नम्बर २ को अमलेखगञ्जमा निरन्तर रुपमा डिजेल आयात भइरहेको जनाएको छ ।

## ८४ वर्षीया वृद्धा कोरोनामुक्त

विराटनगर । विराटनगर महानगरपालिका-१२ निवासी ८४ बर्षीया पुण्य प्रभा शर्मा कोरोनामुक्त भएकी छन् । उनको गत भदौ ७ गते स्वाब संकलन गरिएको थियो । भदौ १० गते पीसीआर परीक्षणको रिपोर्ट पोजेटिभ आएको हो । कन्ट्र्याक्ट ट्रेसिंङको आधारमा गरिएको स्वाब संकलन र परीक्षण गर्दा पोजेटिभ आएपनि उनी कतिपनि आत्तिइनन् । पोजेटिभ रिपोर्ट आएपछि पनि होम क्वारेन्टाईनमै बसेकी उनीले दृढ आत्मबिश्वास र उच्च मनोवलका कारण कोरोना भाईरस परास्त गर्न सफल भएको बताइन् ।




**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **डा.राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं

16-22, Madheshvani, Bhadra-26, 2077.pmd 8 9/11/2020, 1:46 PM